ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

www.abhiyandaily.com

वर्ष २० | अंक १९७ | काठमाडौं | सोमवार, १५ वैशाख २०८२ | Monday, 28 April 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



‘हवाई सुरक्षा सुधार गर्न विधेयक’ २

सूर्यज्योतिले मनायो १७औं वार्षिकोत्सव ३

समावेशीय लघुवित्तीय सेवा ४

३२ महीनामा १६ थरी कृषि औजार विकास ५







## प्रधानमन्त्री रोजगार कार्यक्रम

# आगामी वर्ष बजेट घट्ने

**अभियान संवाददाता**

काठमाडौं

अघिल्लोपटक केपी शर्मा ओली प्रधानमन्त्री हुँदा शुरू भएको प्रधानमन्त्री रोजगार कार्यक्रम उद्देश्यअनुरूप नचलेको भन्दै आलोचित बनिरहेका बेला आगामी आर्थिक वर्ष (आव) मा यो कार्यक्रमको बजेट घट्ने भएको छ ।

चालू आवमा विश्व बैंकको ४ अर्ब ५ करोड ऋण र सरकारले २ अर्ब ४ करोड रुपैयाँ बजेट छुट्ट्याएको थियो । आगामी आव २०८२/८३ मा विश्व बैंकको ऋणको समयसीमा पूरा हुँदै छ भने स्रोतको चर्को चापका कारण यो कार्यक्रमलाई अर्थ मन्त्रालयले थप बजेट छुट्ट्याउने अवस्था नरहेको सम्बद्ध अधिकारीले बताएका छन् ।

‘आगामी वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट अहिलेको भन्दा घट्छ । एउटा कारण दातृ निकायले गर्दै आएको सहयोग रोकिनु हो भने कार्यक्रमको प्रभावकारितामाथि पनि प्रश्न उठ्नु अर्को कारण हो,’ अर्थ मन्त्रालयका एक उच्च अधिकारीले भने ।

त्यसो त, चालू वर्षमा समेत बजेट कम छुट्ट्याइएका कारण रोजगारीका कार्यक्रमहरू सञ्चालन गर्न समस्या परेको प्रधानमन्त्री रोजगार कार्यक्रमको सचिवालयका अधिकारी बताउँछन् । सचिवालयका राष्ट्रिय कार्यक्रम निर्देशक डण्डुराज घिमिरेले यस वर्ष बजेट घटाइएकाले पनि कम रोजगारी सृजना भइरहेको बताए । ‘यस वर्ष बजेट कम छ । सूचीकृत धेरै भए पनि यो वर्षको बजेटअनुसार ६० हजारसम्मलाई रोजगारी दिने लक्ष्य राखेका छौं । सूचीकृत भएजतिले रोजगारी पाउँदैनन् । आगामी वर्ष विश्व बैंकको सहयोग आउँदैन, यो वर्ष जति पनि बजेट हुने छैन । त्यसकारण थप रोजगारी सृजनामा समेत असर पुग्ने देखिन्छ,’ उनले भने ।

सचिवालयका अनुसार यो वर्ष रोजगारीको आशमा करीब ८ लाखले आवेदन दिएका थिए । अहिलेसम्म ७ हजार ६ सयले मात्रै रोजगारी पाएका छन् । लाखौंको आवेदन पर्दा पनि सरकारले न्यून संख्यामा रोजगारी दिन थालेपछि यसको आवश्यकता र औचित्यमाथि प्रश्न उठ्दै आएको छ ।




यस वर्ष ७४३ स्थानीय तहले बेरोजगारको सूची दर्ता गरेका थिए । प्रधानमन्त्री रोजगार कार्यक्रम अघि बढाउन सरकारले विश्व बैंकसँग ऋणसमेत लिएको थियो । यो कार्यक्रम आव २०७५/७६ देखि विश्व बैंकको ऋण सहयोगमा सञ्चालनमा छ । विश्व बैंकले १२ करोड डलर (हालको विनिमय दरअनुसार १६ अर्ब ११ करोड रुपैयाँ) ऋण दिने वाचा गरेको थियो । तर, शुरूमा तोकिएको ४ वर्षको अवधिभित्र सबै बजेट नसकिएपछि सरकारले बाँकी ऋण खर्च गर्न गतवर्ष १ वर्षका लागि म्याद थप्न विश्व बैंकसँग प्रस्ताव गरेको थियो ।

गत जुनको अन्तिममा म्याद सकिएको प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गतको युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजनामा ४ अर्ब रुपैयाँ खर्च गर्न दिन विश्व बैंक तयार भएको थियो । यो आयोजनाको म्याद सकिनै लाग्दा अहिले पनि सबै बजेट खर्च हुन सकेको छैन । अब बजेट स्वतः फ्रिज हुनेछ ।

गतवर्ष १५ जुलाई २०२५ सम्म कार्यक्रम कार्यान्वयनमा लैजान विश्व बैंकले स्वीकृति दिए पनि अहिले त्यो बजेट पूरा खर्च हुन नसकेको अधिकारीहरूको भनाइ छ ।

बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्न आवश्यक रोजगार सेवा र सहायता प्रदान गर्ने, दक्ष तथा सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन र विस्तार गर्ने, सरकारी, निजी, सहकारी तथा गैरसरकारी क्षेत्रबीचको समन्वय र सहकार्यमा थप रोजगारीका अवसर सृजना गर्ने, आन्तरिक रोजगारी सृजनाका लागि आवश्यक नीतिगत र संरचनात्मक व्यवस्था गर्ने, सार्वजनिक पूर्वाधारहरूको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने र आन्तरिक रोजगार सृजनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्रको पहिचान गर्ने उद्देश्यले सरकारले यो कार्यक्रम शुरू गरेको थियो । चालू बजेटमा कार्यक्रमको पुनः संरचना गर्ने उद्घोष गरिए पनि अहिलेसम्म काम भएको छैन ।

- अब विश्व बैंकको सहयोग नरहने
- चालू वर्षमा ७ लाख ९७ हजार बेरोजगार सूचीकृत
- हालसम्म ८ हजार ९८५ लाई मात्रै रोजगारी
- विश्व बैंकबाट आएको सहयोग पनि खर्च गर्न हम्मे
- कार्यक्रमको पुनः संरचनामा चासै दिइएन
- महालेखाले कार्यक्रमको दिगोपना र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गर्न सुझाव दिए पनि अटेरी

प्रधानमन्त्री रोजगार कार्यक्रमको प्रभावकारिताबारे पटकपटक प्रश्न उठ्ने गरेको छ । यसले पनि पुनः संरचना गर्न सरकारलाई दबाब पर्दै आएको छ । ‘कार्यक्रमबाट मुख्यतः सडक, नाला सफा गर्ने, विद्यालयको खेलमैदान तथा गोरेटो, घोडेटो बाटो निर्माण गर्ने, ससाना पूर्वाधार निर्माण र सरसफाइजस्ता काम भएको छ,’ महालेखापरीक्षक कार्यालयको पछिल्लो प्रतिवेदनमा भनिएको छ, ‘वैदेशिक ऋणबाट सञ्चालित कार्यक्रमको कार्यसम्पादन प्रभावकारी हुन सकेको छैन ।’ कार्यक्रमको दिगोपना र अपनत्वका लागि स्थानीय तहसँग लागत साझेदारी गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रतिवेदनमा औंल्याइए पनि सरकारले खासै चासो देखाएको छैन ।

# ठूलो ग्यास सिलिन्डर ल्याउने विषयमा अध्ययन हुँदै

**प्रशान्त खड्का**

काठमाडौं

देशमा विद्युतीय चूल्होको उपयोग बढाउने सरकारी लक्ष्य रहे पनि व्यावसायिक प्रयोजनका लागि भन्दै सरकार मातहतकै एउटा निकायले ४५० किलोग्राम क्षमताको ठूला ग्यास सिलिन्डर ल्याउने सम्बन्धमा अध्ययन थालेको छ । नेपाल आयल निगमका अनुसार ठूला आकारका ग्यास सिलिन्डर ल्याउन दिन खास गरी होटेल तथा रेस्टुराँ क्षेत्रबाट लामो समयदेखि माग भइरहेको छ । हाल नेपालमा १४ दशमलव २ किलोग्राम क्षमताका ग्यास सिलिन्डर उपयोगमा छन् ।

ठूला सिलिन्डर आयात गर्ने तयारीस्वरूप सरकारले नेपाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशकको संयोजकत्वमा एक समिति गठन गरेको छ । उक्त समितिले यस विषयमा सरोकारवालासँग छलफल चलाइरहेको विभागका प्रवक्ता प्रभातकुमार सिंहले जानकारी दिए । सरकारले प्रदूषण घटाउने सन्दर्भमा गरेको अन्तरराष्ट्रिय प्रतिबद्धताअनुसार सन् २०३० भित्र २५ प्रतिशत घरपरिवारमा विद्युतीय चूल्होको उपयोग पुऱ्याउने लक्ष्य लिएको छ ।

होटेल व्यवसायीको प्रस्तावमा सरकारले ठूलो क्षमताको ग्यास सिलिन्डर ल्याउने तयारी गरिरहेको नेपाल आयल निगमका कार्यकारी निर्देशक डा. चण्डिकाप्रसाद भट्टले बताए । ‘व्यवसायीले विगत १० वर्षदेखि ठूलो क्षमताका ग्यास सिलिन्डर ल्याउने वातावरण बनाउन दबाब दिँदै आएका छन्,’ उनले भने । तर, होटेल व्यवसायीले विगतमा यस्तो माग गरे पनि अहिले देशमै विद्युत् उत्पादन बढेकाले बिजुली नै सस्तोमा उपलब्ध गराउनुपर्नेतर्फ आफूहरूको माग केन्द्रित रहेको उनले बताए ।



- विद्युतीय चूल्होको उपयोग बढाउनुपर्नेमा नयाँ ग्यास सिलिन्डर ल्याउन खोज्नु बेमौसमको बाजा जस्तो भएको सरोकारवालाको भनाइ
- सन् २०३० भित्र देशका २५ प्रतिशत घरपरिवारले विद्युतीय चूल्हो प्रयोग गरेको हुने

होटेल व्यवसायी महासंघ नेपालका निवर्तमान अध्यक्ष दिनेशकुमार चुकेले होटेलहरू ग्यास चूल्होभन्दा विद्युतीय चूल्हो चलाउन बढी इच्छुक रहेको बताए । ‘यसअघि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको कार्यकालमा होटेलमा सस्तो दरमा विद्युत् उपलब्ध गराउने विषयमा छलफल भएको थियो र त्यस विषयमा प्राधिकरण सकारात्मकसमेत थियो,’ उनले भने ।

सानो (१४ दशमलव २ किलोग्राम) आकारको सिलिन्डर प्रयोग गर्दा सिलिन्डरको पिँधमा जम्ने ग्यास उपयोग हुन नसकेर चुहावट धेरै हुँदा लागत बढेका कारण विगतमा धेरै क्षमताको सिलिन्डर ल्याउन आग्रह गरेको उनको भनाइ थियो । ठूलो आकारको सिलिन्डर प्रयोग गर्दा पिँधमा ग्यास जमे पनि एउटामा मात्र थोरै जम्ने हुँदा कम खेर जाने तर्कका आधारमा उनीहरूले ठूलो आकारको ग्यास ल्याउन आग्रह गरेको थिए । ‘विद्युत् लोडशेडिङका कारण खानेकुरा पकाउन विद्युत्को प्रयोग गर्न सहज नभएको अवस्थामा ठूलो सिलिन्डर आयात गर्न दिए पनि हुन्थ्यो भन्ने लागेको थियो,’ चुकेले भने । अहिले प्राधिकरणले अघोषित रूपमा बेलुकाको समयमा लाइन काट्ने र लोडशेडिङ गर्ने गरेकाले होटेलहरूमा खानेकुरा पकाउन विद्युत् प्रयोग चुनौतीपूर्ण बन्दै गएको उनको दाबी छ । होटेल व्यवसायीको अर्को संस्था होटेल एशोसिएशन नेपाल (हान) ले भने ठूलो क्षमताका ग्यास सिलिन्डर ल्याउन सरकारलाई प्रस्ताव नगरेको स्पष्ट पारेको छ ।

हानका अध्यक्ष विनायक शाहले पछिल्लो समय देशमा विद्युत् उत्पादन बढ्दै गएकाले बरु होटेल व्यवसायीलाई विद्युत्को उपभोग सहज बनाउन आग्रह गरेको बताए । ‘होटेलहरूको प्रयोजनका लागि सस्तो दरमा विद्युत् उपयोगको व्यवस्था मिलाउन सहजीकरण गरिदिन आग्रह गर्दै केही दिनअघि मात्रै हामीले सरकारलाई ज्ञापनपत्र बुझाएका छौं,’ शाहले भने । ‘हानको उद्देश्य होटेलका भान्साहरूबाट ग्यास विस्थापन गर्दै विद्युत् प्रयोग विस्तार गर्नेतर्फ छ । यस हिसाबले अहिले सरकार उल्टो बाटोमा हिँडिरहेको छ ।’ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा समेत होटेल व्यवसायलाई विद्युत् महशुल घटाउने कुरा समेट्नुपर्ने ज्ञापनपत्रमा उल्लेख भएको उनले बताए । विगत र अहिलेको अवस्था फरक रहेको भन्दै उनले नेपालका होटेलहरूमा अन्तरराष्ट्रिय पर्यटक ल्याउनसमेत सरकारले इको टुरिजमलाई ध्यान दिनुपर्ने बताए ।

सरकारले जारी गरेको ऊर्जा विकास मार्गचित्र २०८१ मा सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य छ । त्यसबाट १५ हजार ५०० मेगावाट विद्युत् निर्यात गर्ने र बाँकी १३ हजार मेगावाट स्वदेशमै खपत गर्ने सरकारी योजना छ । यस हिसाबले नेपालमा विद्युत् खपत बढाउनुपर्ने अवस्था छ ।

सरकारले २०३५ सम्म प्रतिव्यक्ति वार्षिक विद्युत् खपत १ हजार ५०० युनिट पुऱ्याउने लक्ष्य लिएको छ । हाल नेपालको प्रतिव्यक्ति विद्युत् खपत वार्षिक ४१० युनिट रहेको छ ।

## सुपरिवेक्षण प्रतिवेदन

# लघुवित्तमा दोहोरो कर्जा लिन नपाइने नियम पूर्ण पालना भएन

**अभियान संवाददाता**

काठमाडौं

लघुवित्त वित्तीय संस्थाहरूले गत आर्थिक वर्ष दोहोरो कर्जा र कर्जाको सीमासम्बन्धी निर्देशनहरू पूर्ण रूपमा पालना नगरेको नेपाल राष्ट्र बैंकले बताएको छ । यस्तै लघुवित्तहरूले एउटा धितोमा एउटा मात्र ऋण दिनुपर्ने प्रावधान र कर्जाको तोकिएको अधिकतम सीमा पनि लागू नगरेको केन्द्रीय बैंकको भनाइ छ ।

- दोहोरो कर्जाका कारण लघुवित्तका ऋणी र संस्था दुवै समस्यामा
- एक व्यक्तिले दुईओटा भन्दा बढी संस्थाबाट ऋण लिन नपाउने व्यवस्था
- बैंकबाट ऋण लिएकाले लघुवित्तबाट लिन नपाउने प्रावधान

राष्ट्र बैंकअन्तर्गतको लघुवित्त सुपरिवेक्षण विभागले गत आर्थिक वर्ष (आव) २०८०/८१ मा गरेको लघुवित्त संस्थाहरूको स्थलगत तथा गैरस्थलगत अध्ययनमा आधारित प्रतिवेदनमा यस्तो कैफियत देखिएको र त्यसलाई नियन्त्रण गर्न निर्देशन दिइएको उल्लेख छ ।

दोहोरो कर्जाका कारण लघुवित्तका ऋणी र संस्थाहरू समस्यामा पर्न थालेपछि राष्ट्र बैंकले निर्देशन जारी गरी लघुवित्तबाट लिन पाउने ऋणको सीमा घटाउनुका साथै एक व्यक्तिले दुईओटाभन्दा बढी संस्थाबाट ऋण लिन नपाउने व्यवस्था गरेको छ । यस्तै बैंकबाट ऋण लिएकाले लघुवित्तबाट लिन नपाउने प्रावधान छ । तर, उक्त निर्देशन पूर्ण रूपमा पालना हुन नसकेको लघुवित्त संस्था सुपरिवेक्षण विभागले गरेको अनुगमनमा पाइएको छ ।


लघुवित्तहरूले सामूहिक जमानीमा ५ लाख रुपैयाँसम्म र असल वर्गमा परेका समूह सदस्य वा लघुउद्यम व्यवसायका लागि धितो लिई ७ लाख रुपैयाँसम्म कर्जा दिन पाउने सीमा तोकिएको छ । यसअघि सामूहिक जमानीमा ७ लाख र असल सदस्य वा धितोमा १५ लाख रुपैयाँसम्मको सीमा भए पनि समस्या आएपछि घटाएको हो ।


राष्ट्र बैंकको निर्देशनविपरीत दोहोरो कर्जा प्रवाह गर्ने कर्मचारीलाई कारबाही गर्नसमेत राष्ट्र बैंकले निर्देशन दिएको छ । निर्देशनविपरीत हुने गरी कर्जा स्वीकृत गर्ने कार्यमा संलग्न कर्मचारीलाई संस्थाको कर्मचारी सेवा विनियमावलीबमोजिम कारबाही गरी ३ महीनाभित्र जानकारी गराउन निर्देशन दिइएको राष्ट्र बैंकले उल्लेख गरेको छ ।


» बाँकी पृष्ठ ५ मा








## २९औं राष्ट्रिय चिया दिवस

# चिया रोपण र उत्पादनमा किन भएन सुधार ?

**अभियान संवाददाता**

काठमाडौं

चियालाई नेपालले उच्च निर्यात सम्भावना बोकेको वस्तुका रूपमा वर्गीकरण गरे पनि केही वर्षयता न यसको खेती गर्ने क्षेत्र विस्तार भएको छ न उत्पादनमै उल्लेख्य सुधार ।

निर्यात पनि उल्लेखनीय रूपमा बढेको देखिँदैन । विगत ५ वर्षमा निर्यात न्यूनतम २ अर्ब ७८ करोड रुपैयाँदेखि ३ अर्ब ९३ करोड रुपैयाँबीचमा भएको राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्यांकमा उल्लेख छ ।

२९औं राष्ट्रिय चिया दिवसको अवसरमा बोर्डले आइतवार सार्वजनिक गरेको तथ्यांकअनुसार आर्थिक वर्ष २०७५/७६ पछि चिया रोपण भएको क्षेत्रफल घटेको छ ।

आर्थिक वर्ष (आव) २०७५/७६ मा कुल २८ हजार ७३२ हेक्टरमा चियाखेती गरिएकोमा आव २०८०/८१ सम्म आइपुग्दा २० हजार ७६० हेक्टरमा ओर्लेको छ । बीचका वर्षमा चिया रोपणको क्षेत्रफल अझै घटेको थियो ।

उक्त अवधिमा चिया उत्पादनमा पनि खासै सुधार भएको देखिँदैन ।

**नेपाली चियाको उत्पादन, रोपण, आयात, निर्यातसम्बन्धी पछिल्लो तथ्यांक**

| आर्थिक वर्ष | चिया रोपण भएको क्षेत्र (हेक्टर) | उत्पादन परिमाण (मेट्रिक टन) | निर्यात | | आयात | |
|---|---|---|---|---|---|---|
| | | | परिमाण (मेट्रिक टन) | मूल्य (अर्ब रूपैयाँ) | परिमाण (मेट्रिक टन) | मूल्य (करोड रूपैयाँ) |
| २०७५/७६ | २८,७३२ | २५,२०५ | १५,०४३ | ३.२० | ३४३ | ११.७७ |
| २०७६/७७ | १६,९०१ | २४,११८ | ११,१८५ | २.७८ | २१८ | ७.७३ |
| २०७७/७८ | १६,९१७ | २३,७४५ | ११,९२० | ३.७९ | ३४६ | १५.१३ |
| २०७८/७९ | २०,२३७ | २६,३७९ | १२,४९४ | ३.४३ | २०३ | ८.३६ |
| २०७९/८० | २०,२३० | २६,४०१ | १६,५९४ | ३.९३ | २७७ | १२.९१ |
| २०८०/८१ | २०,७६० | २६,९८३ | १३,९१६ | ३.६२ | ४४ | ३.७८ |
| २०८१/८२ चैतसम्म | | | १३,०२३ | ३.५७ | ७१ | ५.६२ |

*स्रोत : राष्ट्रिय चिया तथा कफी विकास बोर्ड*

बोर्डको तथ्यांकअनुसार आव २०७५/७६ मा २५ हजार २०५ मेट्रिक टन चिया उत्पादन भएको थियो । आव २०८०/८१ सम्म आइपुग्दा चिया उत्पादन २६ हजार ९८३ मेट्रिक टन पुगेको छ ।

यो सामान्य वृद्धिलाई सन्तोषजनक भने मान्न नसकिने बोर्डका निर्देशक तथा प्रवक्ता डा. दीपक खनालले बताए । साना किसानले चियाखेतीबाट अपेक्षाकृत नाफा कमाउन नसकेको भन्दै विगतमा केही चिया बगान फँडानी गरेकाले चिया रोपण हुने क्षेत्रफल अघिल्ला वर्षहरूको तुलनामा कम भएको खनालले आर्थिक अभियानलाई बताए ।

उनका अनुसार बगान नै फँडानी भएका कारण उत्पादनमा त्यसले प्रत्यक्ष असर गरेको हो । साथै विगतको र हालको तथ्यांक संकलन विधि फरक हुँदा पनि यस्तो देखिएको उनले दाबी गरे । आव २०७८/७९ भन्दा पहिलेको तथ्यांक संकलन विधि वैज्ञानिक नभएकाले तथ्यको नजिक नभएको र अहिलेको उत्पादन तथ्यांक तथ्यको बढी नजिक भएको उनको जिकीर छ ।

बोर्डको तथ्यांकअनुसार नेपालमा १५ हजार २०३ चिया कृषक, १७१ टी इस्टेट र साना मझौला गरी १२० ओटा चिया प्रशोधन केन्द्रमार्फत करीब ६० हजारले रोजगारी पाएका छन् ।

यसअघि चियाखेतीबाट सोचेजस्तो नाफा हुन नसकेको भन्दै झापा, इलामलगायत जिल्लाका किसानले चियाखेती मासेर जग्गा प्लटिङ गर्न थालेको समेत सरोकारवाला बताउँछन् ।

साना किसान चिया उत्पादक सहकारी संस्था लिमिटेडका अध्यक्ष हर्क तामाङले पछिल्लो समय झापा, इलामलगायत क्षेत्रमा चिया बगानहरू मासिँदै गएको बताए ।

उनका अनुसार प्लटिङ गरेर बढी मूल्यमा जग्गा बिक्री गर्ने, दाजुभाइको अंशबन्डा हुँदा बगान मासेर घडेरीका रूपमा प्रयोग गर्ने, मल, बीउ र कामदार अभावजस्ता कारणले बगान मास्ने क्रम बढ्दै गएको हो । ‘बगान मास्ने क्रम पहाडी जिल्लाभन्दा तराईमा बढ्दो क्रममा छ । झापामा मात्रै हरेक वर्ष जस्तो करीब २० बिगाहासम्म बगान मासेर घडेरी वा वैकल्पिक खेतीमा प्रयोग हुने गरेको छ,’ उनले भने ।

अहिले बोर्डले चियाखेतीको क्षेत्रफल विस्तार र उत्पादन वृद्धि गर्न करीब १९ जिल्लाका स्थानीय निकायसँग समन्वय गरेर कार्यक्रम अघि बढाएको प्रवक्ता खनालले बताए । यसको परिणाम अबको केही वर्षभित्र देखिने उनको दाबी छ । भन्सार विभागको तथ्यांकअनुसार आव २०८०/८१ मा १ करोड ६५ लाख किलोग्राम चिया निर्यात गरेर नेपालले ३ अर्ब ६३ करोड रुपैयाँ बराबरको विदेशी मुद्रा आर्जन गरेको छ । चालू आव २०८१/८२ को चैत मसान्तसम्ममै नेपालले ३ अर्ब ५७ करोड रुपैयाँ बराबरको चिया निर्यात गरिसकेको छ । यस सिजनको पहिलो टिपाइ भर्खरै शुरू भएको हुँदा चालू आवमा चिया निर्यात ४ अर्ब ५० करोड रुपैयाँ हाराहारी पुग्ने अनुमान बोर्डको छ ।



तस्वीर : रासस

घोराही उपमहानगरपालिका–१४ को एक पसलमा बिक्रीका लागि राखिएका तरभुजा । दाङमा गर्मी बढेसँगै तरभुजाको व्यापार बढेको छ ।

# ‘हवाई सुरक्षा सुधार गर्न विधेयक’

**अभियान संवाददाता**
काठमाडौं

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले ‘नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०८१’ नेपालमा हवाई सेवा सुरक्षित र भरपर्दो बनाउन ल्याइएको बताएका छन् । उक्त विधेयकमा हवाई सेवा नियामक र हवाई सेवा प्रदायक गरी दुई छुट्टाछुट्टै संस्था बनाउने प्रावधान राखिएको छ । युरोपेली संघले नेपालका एयरलाइन्स कम्पनीलाई युरोप छिर्न नदिनुको एउटा कारण अहिले यी दुवै काम प्राधिकरणले गरेर हो । अन्तरराष्ट्रिय नागरिक उड्डयन संगठन (आईकाओ)ले पनि नेपालमा हवाई क्षेत्रको



नियामक र सेवा प्रदायक छुट्टाछुट्टै हुनुपर्नेमा जोड दिँदै आएको छ ।

एउटै संस्थाले दुवै काम गर्दा स्वार्थको द्वन्द्व हुने र यसले हवाई सुरक्षामा समस्या आउने भन्दै प्राधिकरणलाई टुक्र्याउन अन्तरराष्ट्रिय संस्थाहरूले नेपाल सरकारलाई आग्रह गर्दै आएका छन् ।

प्रतिनिधिसभाको आइतवारको बैठकमा विधेयकको सैद्धान्तिक छलफलका क्रममा उठेका प्रश्नहरूको जवाफ दिँदै मन्त्री पाण्डेले अन्तरराष्ट्रिय छवि सुदृढ पार्न विधेयक केन्द्रित रहेको दाबी गरेका छन् । ‘यो विधेयक प्रणाली कसरी बलियो बनाउने, दक्ष जनशक्ति कसरी निर्माण गर्ने र प्रभावकारी कार्यान्वयन कसरी सुनिश्चित गर्ने भन्ने जस्ता विषयमा केन्द्रित छ,’ उनले भने, ‘नेपाल हवाई सेवा प्राधिकरण र नागरिक उड्डयनसँग सम्बन्धित विषयमा छलफल भइरहेको छ, नेपाली आकाश उड्डयनका लागि सुरक्षित बनाउनुपर्ने चुनौती छ ।’

अहिलेको उक्त चुनौती समाधान गर्न सबै सांसदको राय र सल्लाहअनुसार विधेयकमा आवश्यक परिमार्जन गरिँदै जाने मन्त्री पाण्डेले बताए । नागरिक उड्डयन क्षेत्र सुधारका लागि सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिल सिन्हाको नेतृत्वमा उच्चस्तरीय संयन्त्र गठन गरिएको उनले जानकारी दिए । ‘हामी हवाई नीति परिवर्तनको तयारीमा छौं,’ उनले भने, ‘छाता ऐन अर्थात् हवाई ऐनको काम पनि अघि बढिरहेको छ ।’ यस्तै अन्तरराष्ट्रिय र स्वदेशी हवाई यात्रुका बीमा सुविधामा ठूलो अन्तर रहेको उनको भनाइ छ । यसको समायोजन र पुनरवलोकनका लागि नयाँ ऐन निर्माण भइरहेको उनले बताए ।

# भेरी अस्पतालमा भएको आगलागीबाट चार करोडको क्षति

नेपालगञ्ज । बाँकेको नेपालगञ्जस्थित भेरी अस्पतालको मेडिकल स्टोरमा शनिवार भएको आगलागीबाट तीन करोड बराबरको क्षति भएको अनुमान गरिएको छ । मेडिकल स्टोरभित्र राखिएको फ्रिजमा विद्युत् सर्किट सर्ट भई आगलागी हुँदा यहाँ रहेका औषधि, उपकरण, कम्प्युटरलगायत सामग्री जलेर नष्ट भएको अस्पतालका मेडिकल सुपरिटेण्ड डा. निराजन सुवेदीले जानकारी दिए ।

उनका अनुसार सो घटनाको छानविनका सन्दर्भमा अस्पताल विकास समितिका अध्यक्ष वीरेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले अस्पताल विकास समितिका सदस्य डा. डक्ट धितालको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरिएको बताइएको छ । समितिले चार दिनभित्र प्रतिवेदन बुझाउने छ । आगलागीका कारण आइतवारदेखि दुई दिनसम्म भेरी अस्पतालको बहिरङ्ग (ओपिडी) सेवा बन्द गरिएको अस्पतालका मेसु डा सुवेदीले बताए । आगलागी भएको मेडिकल स्टोर र ओपोडी सेवा एउटै भवनमा रहेकाले पनि काम गर्न असहज हुने देखिएपछि ओपिडी सेवा बन्द गरिएको उनले उल्लेख गरे ।

अस्पतालमा प्रयोग हुने सबै प्रकारका औषधिसँगै उपकरण र प्रयोगशालामा प्रयोग हुने महँगो मूल्य पर्ने भ्याक्सिनलगायत सबै जलेर नष्ट भएकाले पनि ओपिडी सेवा प्रभावित भएको सुवेदीले बताए । उनका अनुसार आगलागीबाट केही कोठाका फर्निचर र कागजपत्रहरू पनि जलेर नष्ट भएका छन् । शनिवार आगलागी भएकाले मेडिकल स्टोरभित्र कर्मचारी र बाहिर बिरामी तथा अन्य मानिसहरू नरहेकाले मानवीय क्षति हुन नसके पनि भौतिक क्षति भने भएको अस्पतालले जनाएको छ । मेडिकल स्टोरमा आगलागी भएलगत्तै तत्काल दमकल र प्रहरीलाई खबर गरिएकाले दमकल, अस्पतालका कर्मचारी र सुरक्षाकर्मीको सहयोगमा आगो नियन्त्रणमा लिइएको अस्पतालका सूचना अधिकारी डा सङ्केत रिसालले जानकारी दिए । *रासस*

# बागमती प्रदेशमा डढेलोबाट ९ हजार ६ सय हेक्टर वनमा क्षति

बागमती । बागमती प्रदेशको विभिन्न जिल्लास्थित सामुदायिक वनमा वर्षेनि हुने वन डढेलोका कारण थुप्रै नवजङ्गल तथा बिरुवा विनाश हुने गरेका छन् । मानवीय लापर्बाहीका कारण हुने डढेलोबाट मानवीय क्षतिसँगै वनस्पति, जीवजन्तु र जैविक विविधतामा क्षति हुने गर्छ ।

गत माघदेखि चैतसम्म बागमती प्रदेशका विभिन्न जिल्लामा डढेलोका कारण करीब ९ हजार ६०० भन्दा बढी हेक्टर वनमा क्षति पुगेको प्रदेश वन निर्देशनालयका सूचना अधिकारी टेकनारायण श्रेष्ठले जानकारी दिए । उनका अनुसार डढेलोबाट सबैभन्दा बढी चितवनमा ४ हजार २२१ हेक्टर वनक्षेत्रमा क्षति पुगेको छ भने सबैभन्दा कम दोलखामा २३ दशमलव ५५ हेक्टर क्षेत्रफलमा नोक्सानी भएको छ ।

रामेछापमा १५०, सिन्धुलीमा ५९२, रसुवामा १६४ दशमलव १, धादिङमा २९८, काभ्रेमा १८९ र नुवाकोटमा ६७ हेक्टर वनक्षेत्रमा क्षति भएको बागमती प्रदेश वन निर्देशनालयले जानकारी दिएको छ ।

ती जिल्लाका सामुदायिक वनहरूमा लागेको डढेलोबाट करीब १५ लाखभन्दा बढी बोटबिरुवा जलेर नष्ट भएको सूचना अधिकारी श्रेष्ठले बताए । उनका अनुसार डढेलोका कारण मकवानपुरको राप्तीमा एक जनाको मृत्यु भएको छ ।

जङ्गलमा लागेको डढेला बस्तीसम्म पुग्दा रामेछापमा तीन जनाको चारओटा घर, दुईओटा गोठ, आधा दर्जन बाखा र ३५ ओटा कुखुरा जलेर मरेको डिभिजन वन कार्यालय रामेछापका प्रमुख उमाशङ्कर जयसवालले जानकारी दिए । उनका अनुसार जिल्लामा गतवर्ष लागेको डढेलोले वनका कलिला बिरुवा नष्ट गरेको छ ।

गाउँबस्तीमा समूहहरू निर्माण गरेर डढेलोसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरेपछि अघिल्ला वर्षको तुलनामा गतवर्ष करीब ६० प्रतिशतले डढेलो नियन्त्रणमा आएको प्रमुख जयसवालले बताए ।

‘डढेलो नियन्त्रणका लागि पालिकास्तरीय समितिहरू बनाएका छौं, सुरक्षा निकायसँग पनि निरन्तर समन्वय भइरहेको छ,’ प्रमुख जयसवालले भने, ‘डढेलो लागेलगत्तै हामी ती समूहहरूसँगै नियन्त्रणमा जुटिहाल्छौं । यसमा सुरक्षाकर्मीको पनि साथ पाइरहेका छौं ।’ अघिल्लो वर्ष करीब १ हजार ८०० हेक्टरमा लागेको डढेलो गतवर्ष ६५० हेक्टर क्षेत्रफलमा मात्र लागेको उनले जानकारी दिए । *रासस*

PRIME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालय: कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालय: बर्दघाट, नवलपरासी
फोन नं.: ०७८-५८०७५५

शाखा कार्यालय: भैरहवा, रुपन्देही
फोन नं.: ०७१-५२१०८१/८२

शाखा कार्यालय: कावासोती, नवलपरासी
फोन नं.: ०७८- ५४०९९६/९७

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०८२/०१/१५ गते)**

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**शाखा कार्यालय: बर्दघाट, नवलपरासी**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/०४/२६ मा दर्ता नं. ५६/७८७२/०७४ कायम भई दर्ता भएको नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४ स्थित **बिशवा स्टाप होटल प्रोप्राइटर : गायत्री न्यौपाने**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. हरि प्रसाद न्यौपानेको बुहारी, राधा कृष्ण न्यौपानेको पत्नी, नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४, बस्ने **गायत्री न्यौपाने (ना.प्र.प.नं. ३६१०५५/२५२,नवलपरासी)**

२. अगिनधर न्यौपानेको बुहारी, हरि प्रसाद न्यौपानेको पत्नी, नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४, बस्ने **रेवती न्यौपाने (ना.प्र.प.नं. ४/२६७४, नवलपरासी)**

३. अगिनधर न्यौपानेको नाति, हरि प्रसाद न्यौपानेको छोरा, नवलपरासी जिल्ला, बर्दघाट गा.वि.स./न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४, बस्ने **राधा कृष्ण न्यौपाने (ना.प्र.प.नं. ४७९०६, नवलपरासी)**

४. हरि प्रसाद न्यौपानेको नातिनी, राधा कृष्ण न्यौपानेको छोरी, नवलपरासी जिल्ला, बर्दघाट गा.वि.स./न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. ४, बस्ने **मोनिका न्यौपाने (ना.प्र.प.नं. ३६-१०-७४-००१५४, नवलपरासी)**

५. हरि प्रसाद न्यौपानेको नाति, राधा कृष्ण न्यौपानेको छोरा, नवलपरासी जिल्ला, बर्दघाट न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **प्रेम न्यौपाने (ना.प्र.प.नं. ३६-०१-७९-०१९०१, नवलपरासी)**

६. कुल बहादुर श्रेष्ठको नाति, खडग बहादुर श्रेष्ठको छोरा, नवलपरासी जिल्ला, अग्यौली गा.वि.स./न.पा वडा नं. ४, स्थित स्थायी ठेगाना भई हाल कावासोती न.पा. वडा नं. ८, बस्ने **केशर श्रेष्ठ (ना.प्र.प.नं. ३६-२-०२५/१४५, नवलपरासी)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

**रेवती न्यौपानेको** नाममा मालपोत कार्यालय परासी, नवलपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स/न.पा. वडा नं ४ स्थित कित्ता नं. ३०६१ को क्षेत्रफल ०-०-५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**शाखा कार्यालय: भैरहवा, रुपन्देही**

**ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौमा कम्पनी ऐन, २०६३ बमोजिम मिति: २०७६/०२/१० मा दर्ता नं. २१५८६०/७५/०७६ कायम भई दर्ता भएको नवलपरासी (बर्दघाट सुस्तापूर्व) जिल्ला, विनयी त्रिवेणी गाउँपालिका वडा नं. ४ स्थित **नेपाल वाल प्लास्ट इण्डष्ट्रिज प्रा.लि.**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. स्वामीनाथ कलवारको नाति, शिव पुजन कलवारको छोरा, रुपन्देही जिल्ला, एकला गा.वि.स./न.पा. वडा नं. २, स्थित स्थायी ठेगाना भएको **अजय जैसवाल (ना.प्र.प.नं.: ३७१०४४/४/२२९२३, रुपन्देही)**

२. मगजी लाल साहको नाति, अमृतलाल सा कानुको छोरा, बारा जिल्ला, कलैया न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **नरेश प्रसाद साह (ना.प्र.प.नं.: २५०९१/३७६१/३४८४, बारा)**

३. भिम नारायण श्रेष्ठको बुहारी, श्याम प्रसाद श्रेष्ठको पत्नी, काठमाण्डौं जिल्ला, साबिक का.म.न.पा. वडा नं. ३४, स्थित स्थायी ठेगाना भएको **दिल कुमारी श्रेष्ठ (ना.प्र.प.नं.: २४७५५ /३५९, काठमाण्डौं)**

४. बिष्णु दत्त सापकोटाको नाति, तुल्सीराम जैसीको छोरा, नवलपरासी जिल्ला, सुनवल गा.वि.स./न.पा. वडा नं. ३, स्थित स्थायी ठेगाना भएको **मीन प्रसाद सापकोटा (ना.प्र.प.नं.: २२०२४, नवलपरासी)**

५. तुल्सीराम जैसीको बुहारी, मीन प्रसाद सापकोटाको पत्नी, नवलपरासी जिल्ला, सुनवल गा.वि.स./न.पा. वडा नं. ७, स्थित स्थायी ठेगाना भएको **सरस्वती सापकोटा (ना.प्र.प.नं.: ३६१०३८/१८५, नवलपरासी)**

६. श्यामता प्रसाद शुक्लको नाति, प्रभाष शुक्लको छोरा, रुपन्देही जिल्ला, फरेना गा.वि.स./न.पा. वडा नं. ४, स्थित स्थायी ठेगाना भएको **राज कुमार शुक्ल (ना.प्र.प.नं.: १०५०७, रुपन्देही)**

७. भविश्वर खनालको नाति, रोमकान्त खनालको छोरा, नवलपरासी जिल्ला, त्रिवेणीसुस्ता गा.पा./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको **योग राज खनाल (ना.प्र.प.नं.: ३६-०२-५४२९/२०५, नवलपरासी)**

**धितोमा रहेको सम्पत्तिको विवरण**

१. **नेपाल वाल प्लास्ट इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, बेनीमणीपुर गा.वि.स./न.पा. वडा नं. ८ स्थित कित्ता नं. १५९ को क्षेत्रफल ५७५५.९१ (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

२. **नेपाल वाल प्लास्ट इण्डष्ट्रिज प्रा.लि.**को नाममा मालपोत कार्यालय, कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पुर्व) को लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, बेनीमणीपुर गा.वि.स./न.पा. वडा नं. ९ स्थित कित्ता नं. ५८ को क्षेत्रफल ४८६०.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

३. **दिल कुमारी श्रेष्ठको** नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, कावासोती गा.वि.स./न.पा. वडा नं. ५ स्थित कित्ता नं. १७४ को क्षेत्रफल ३३८.५८ (व.मी.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

४. **अजय जयसवालको** नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, दयानगर गा.वि.स./न.पा. वडा नं. ३ स्थित कित्ता नं. ४८६ को क्षेत्रफल १०१.५९ (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।५.
**राज कुमार शुक्लको** नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, सिद्धार्थनगर न.पा. वडा नं. ६ स्थित कित्ता नं. १३४ र १३६ को क्रमश: क्षेत्रफल १३५.४४ र २०३.१६ (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

६. **सरस्वती सापकोटाको** नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला, सेमलार गा.वि.स./न.पा. वडा नं. ४ स्थित कित्ता नं. ९६८ को क्षेत्रफल २०३.१८ (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

७. **दिल कुमारी श्रेष्ठको** नाममा मालपोत कार्यालय कावासोती, नवलपरासीको लगतमा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पुर्व) जिल्ला, दुम्कीवास गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. ४५१ को क्षेत्रफल २७७०.०० (व.मी) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

८. **प्राइम कमर्सियल बैंक लिमिटेडको नाममा यातायात व्यवस्था कार्यालय रुपन्देहीमा दर्ता रहेको तपसिल बमोजिमको सवारी साधन:**

| सवारीको मोडल | इन्जिन नं. | च्यासिस नं. | दर्ता नं. |
|---|---|---|---|
| Mahindra Scorpio PICKUP DC 4WD S10-2021 | VFM4G14151 | MA1RC4VF2M2G19744 | लु ३ च ३९६० |

**धितो लिलामी बिक्रीका शर्तहरु :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/०१/१५ गते सोमबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बर्दघाट, नवलपरासी, भैरहवा, रुपन्देही र कावासोती, नवलपरासीबाट प्राप्त गर्न सकिनेछ।

२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।

३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको **Inter Department A/C LRD** (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वित्तीय संस्थाको **A/C Payee Cheque** संलग्न गर्नुपर्नेछ ।

४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर **(PAN)** प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।

५. शिलबन्दी बोलपत्र मिति २०८२/०१/२९ गते सोमबार सार्वजनिक बिदा परेकोले मिति २०८२/०१/३० गते मंगलबार कार्यालय समय भित्र शाखा कार्यालय भैरहवा, रुपन्देहीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १, २, ३ र ७ को हकमा यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा दर्ता भईसक्नु पर्नेछ । म्याद नाघि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।

६. शिलबन्दी बोलपत्र मिति २०८२/०१/३१ गते बुधबार दिउँसो ४:०० बजे शाखा कार्यालय भैरहवा, रुपन्देहीको धितोमा रहेको सम्पत्तिको विवरण नं. १, २, ३ र ७ को हकमा यस बैंकको शाखा कार्यालय कावासोती, नवलपरासीमा तथा अन्य सम्पूर्ण धितोको हकमा सम्बन्धित शाखा कार्यालयहरुमा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।

७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पत्ति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पत्ति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।

८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वत: जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरुलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

९. धितो सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पत्ति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालयहरु बर्दघाट, नवलपरासी, भैरहवा, रुपन्देही र कावासोती, नवलपरासीमा सम्पर्क राखी बुझ्न सकिनेछ ।



काठमाडौंको टंगालस्थित भाटभटेनी सुपर मार्केटको नवनिर्मित भवनमा काम गर्दै मजदूरहरू ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# सूर्यज्योतिले मनायो १७औं वार्षिकोत्सव

काठमाडौं (अस) । सूर्यज्योति लाइफ इन्स्योरेन्सले १७औं वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सवका अवसरमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत प्रकाशविक्रम खत्रीले १७ वर्षको सफल यात्रामा कम्पनीको बलियो वित्तीय अवस्था, विश्वसनीयता र हासिल गरेका सूचांकहरूको उन्नति र उत्कृष्टताका लागि सबैलाई धन्यवाद दिए । उनले कम्पनीले अवलम्बन गरेका नवीनतम प्रविधि, समय सापेक्ष ग्राहकमैत्री सेवाप्रति प्रतिबद्ध रही आगामी दिनमा पनि कम्पनीको गरिमा र साख वृद्धि गर्दै थप बृहत् र विशाल बनाउने यात्रामा निरन्तर अघि बढ्ने प्रण गरे ।



सो अवसरमा कम्पनीका अध्यक्ष केशवप्रसाद भट्टराईले कम्पनी सञ्चालक समिति सदैव संस्थागत सुशासन, स्वच्छ व्यवस्थापन कार्यशैली र नीतिनियमको परिधिभित्र रहेको बताए । आगामी दिनमा झन् बलियो रूपमा यसको अवलम्बन गरिने उनले बताए ।

कम्पनीले नवीनतम प्रविधिमा जोड दिँदै तथा समय सापेक्ष उत्कृष्ट सेवा पस्कँदै अनलाइनमार्फत सजिलै कर्जा लिन सकिने सूर्यज्योति ई-कर्जा र सूर्यज्योति केयर्स डिजिटल कार्डको सेवा शुरू गरेको बताइएको छ ।

हाल कम्पनीको चुक्ता पूँजी रू. ५०१ करोड, कुल लगानी रू.४ हजार ४०० करोड, जीवन बीमा कोष रू. ३ हजार ९४० करोड, नेटवर्थ रू. ६३० करोड रहेको बताइएको छ । हालसम्म कम्पनीको जारी बीमालेख संख्या ३२ लाख ७५ हजार ४७९, प्रशिक्षित अभिकर्ता संख्या १ लाख २ हजार २४० र १७४ शाखा संख्या रहेको बताइएको छ । कम्पनीले ३५ घातक रोगविरुद्ध रू. ५० लाखसम्मको उपचार खर्चको सुविधा प्रदान गर्दै आएको छ ।

# बाह्रै महीना सिँचाइ उपलब्ध हुनुपर्नेमा सरोकारवालाको जोड



चितवन (अस) । चितवनमा बाह्रै महीना सिँचाइ उपलब्ध हुनुपर्नेमा सरोकारवालाले जोड दिएका छन् । शनिवार भरतपुरमा खगेरी सिँचाइ जल उपभोक्ता संस्थाको २२औं साधारणसभामा उनीहरूले नारायणी लिफ्ट सिँचाइ आयोजनाको पानी खगेरी सिँचाइमा जोड्न माग गरे । बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाइमन्त्री श्यामबहादुर खड्काले चितवन अन्न उत्पादनको बलियो जिल्ला भएकोले बाह्रै महीना सिँचाइ उपलब्ध गराउन आफू प्रतिबद्ध रहेको बताए । 'बाह्रै महीना सिँचाइ उपलब्ध गराउने हाम्रो चासो र चिन्ता छ,' खड्काले भने, 'सिँचाइले कृषि उत्पादन मात्र होइन जीवनस्तर र आयआर्जन वृद्धि गर्न पनि मद्दत गर्छ ।' आगामी आर्थिक वर्षको बजेटमा हरेक घरघरमा पोखरी निर्माणका लागि रिचार्ज वाटरको व्यवस्था गरिने उनको भनाइ थियो ।

सो अवसरमा वागमती प्रदेशसभा सदस्य गीता गुरुङले जलाधार, जलाशयको संरक्षण सम्वर्द्धन गर्नु सबैको दायित्व रहेको बताइन् । संस्थाका अध्यक्ष बेल बहादुर गुरुङले सिँचाइको अभावले कैयौं जग्गा बाँझो रहेको बताए । वर्षौंसम्म नहरहरू मर्मत नहुनु, पानीका मुहानहरू सुक्दै जानु र पानीपोत शुल्क नउठ्नुका कारण पनि थप समस्या भएको उनको भनाइ छ । बाह्रै महीना सिँचाइका लागि पोखरी, ड्याम निर्माण गरी वाटर रिचार्जको लागि बजेट व्यवस्थापन गर्नुपर्नेमा उनको जोड थियो ।

चितवन राष्ट्रिय निकुञ्जका वार्डेन गणेश पन्तले जल जलाधारको संरक्षण गर्न सके यसबाट जीवनस्तर र आयआर्जन गर्न सकिने बताए । बीसहजारीताललाई रिचार्ज वाटरको रूपमा प्रयोग गर्न सकिने भन्दै उनले यसले पर्यापर्यटनलाई समेत सन्तुलित राख्न सहयोग पुग्ने बताए । मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष प्रकाश ढुंगानाले पानी भण्डारणमा दीर्घकालीन योजना हुनुपर्ने बताए । उनले चितवनमा भइरहेको अव्यवस्थित जग्गा खण्डीकरण रोकेर हरेक टोल टोलमा रिचार्ज पोखरी निर्माण हुनुपर्नेमा जोड दिए । नारायणी लिफ्ट सिँचाइ आयोजनका प्रमुख प्रकाश तिमिल्सिनाले नारायणी लिफ्टको पानीलाई खगेरीमा जोड्न सकारात्मक भएको बताए ।

# हिमालयन बैंकको बत्तीसपुतली शाखा स्थानान्तरण



काठमाडौं (अस) । हिमालयन बैंक लिमिटेडले बैंकको काठमाडौंको बत्तीसपुतली शाखा साविकको स्थानबाट स्थानान्तरण गरी बत्तीसपुतलीस्थित राम मन्दिर जाने बाटोसँगै रहेको नेपाल राष्ट्रिय मारवाडी परिषद्को नयाँ भवनमा सारेको छ । आइतवारदेखि बत्तीसपुतली शाखाकै नामबाट बैंकिङ सेवा प्रदान गर्ने गरी शाखा स्थानान्तरण गरिएको हो ।

उक्त शाखाको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक शमशेर राणाले अन्य उच्चपदस्थ कर्मचारी तथा अतिथिहरूको उपस्थितिमा गरेका थिए । हाल बैंकले १७४ शाखा, २० विस्तारित काउन्टर, २८४ एटिएम, ८ हजारभन्दा बढी पस टर्मिनल र १५ हजारभन्दा बढी विप्रेषण भुक्तानी केन्द्रमार्फत विभिन्न बैंकिङ सेवा प्रदान गर्दै आएको छ ।

राष्ट्रिय फोटो पत्रकारिता अवार्ड

# ८ विधा र ७ प्रदेशका उत्कृष्ट फोटो पत्रकार सम्मानित

**अभियान संवाददाता**

काठमाडौं

राष्ट्रिय फोटो पत्रकार समूह (एनएफएपिजे) नेपालद्वारा आयोजित 'पाँचौं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२५' कार्यक्रम सम्पन्न भएको छ । शनिवार ललितपुरमा आयोजित कार्यक्रममा प्रमुख अतिथि प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे र विशेष अतिथि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दिपक खड्का लगायतको उपस्थितिमा आठ विधामा उत्कृष्ट फोटो पत्रकारहरूलाई अवार्ड प्रदान गरिएको छ ।

कार्यक्रममा नेपाल टेलिकम दैनिक जीवन फोटो पत्रकारिता अवार्ड नयाँ पत्रिकाका दीपेन्द्र ढुंगानाले प्राप्त गरे । पञ्चकन्या ग्रुप महिला फोटो पत्रकारिता अवार्ड गोरखापत्र दैनिककी कविता थापाले जितिन् । सूर्यज्योति लाइफ इन्स्योरेन्स राजनीतिक फोटो पत्रकारिता अवार्ड द हिमालयन टाइम्सका स्कन्द गौतमले पाए । डिशहोम इन्टरनेट खेलकुद फोटो पत्रकारिता अवार्ड उदिप्त सिंह क्षेत्रीलाई प्रदान गरियो । कृषि विकास बैंक स्वतन्त्र फोटो पत्रकारिता अवार्ड नेपाल आर्मीका फोटो पत्रकार राजिब हेन्गाजुले जिते । एडभेन्चर आउटडोर पर्यटन तथा संस्कृति फोटो पत्रकारिता अवार्ड गोरखापत्र अनलाइनका मनोजरत्न शाहीलाई प्रदान गरियो । राष्ट्रिय वाणिज्य बैंक मनोरञ्जन फोटो पत्रकारिता अवार्ड अन्नपूर्ण पोस्ट डटकमका अभिषेक महर्जनले पाए भने ग्लोबल आइएमइ बैंक आर्थिक फोटो पत्रकारिता अवार्ड अनलाइन खबर डटकमका चन्द्रबहादुर आलेले प्राप्त गरे ।



प्रदेशस्तरमा समेत उत्कृष्ट फोटो पत्रकारहरूलाई सम्मान गरिएको थियो । गुर्खाज फाइनान्स कोशी प्रदेश फोटो पत्रकारिता अवार्ड रासस संखुवासभाका सुजन बज्राचार्यले पाए । मधेश प्रदेशतर्फ यात्रा डेलीका राम सर्राफ, बागमती प्रदेशतर्फ राससका नबिन पौडेल, गण्डकी प्रदेशबाट परिचय डटकमका प्रेम थापा, लुम्बिनी प्रदेशतर्फ कान्तिपुर दैनिकका माधव प्रसाद अर्याल, कर्णाली प्रदेशतर्फ हिमालय टेलिभिजनका अमृत कुमार बुढाथोकी र सुदूरपश्चिम प्रदेशतर्फ लोकेश साउदले अवार्ड जित्न सफल भए ।

समारोहमा जीवनभर फोटो पत्रकारितामा योगदान पुर्याएका वरिष्ठ फोटो पत्रकार देवेन्द्रमान सिंहलाई 'लाइफटाइम एचिभमेन्ट अवार्ड' प्रदान गरिएको थियो । त्यस्तै, संस्थाका आजीवन सदस्य स्वर्गीय चुङ्बा शेर्पालाई मरणोपरान्त विशेष सम्मान प्रदान गरिएको थियो ।

पाँचौं राष्ट्रिय फोटो पत्रकारिता अवार्ड २०२५ का लागि निर्णय गर्न अध्यक्ष प्रदिपराज वन्तको संयोजकत्वमा वरिष्ठ फोटो पत्रकार शैलेन्द्र खरेल, नेपाल पर्यटन बोर्डका वरिष्ठ प्रबन्धक सूर्य थपलिया, सूर्यज्योति लाइफ इन्स्योरेन्सका ब्राण्डिङ एण्ड कम्युनिकेशन प्रमुख मेघेन्द्र प्रकाश गिरी, प्राज्ञा वास्तुकला तथा सृजनात्मक कला विभाग प्रमुख सौरगंगा दर्शनधारी र देश सञ्चारका सहसम्पादक मनोज दाहाल सम्मिलित निर्णायक मण्डल गठन गरिएको थियो ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **PRATIBUDDHA ENTERPRISES PVT. LTD. ले** Indonesia बाट पैठारी गरेको देहायको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| SN | MODEL | BRAND | ORIGIN | UNIT | MRP |
|---|---|---|---|---|---|
| 1 | NPRB185R | Polytron | Indonesia | 1 | NPR 27500/- |
| 2 | NPRB195B | Polytron | Indonesia | 1 | NPR 29500/- |
| 3 | NPRB225S | Polytron | Indonesia | 1 | NPR 40500/- |
| * Note : Price are subject to change without prior notice. | | | | | |

**Importer Name: PRATIBUDDHA ENTERPRISES PVT. LTD.**
**Address: Janabahal, Kathmandu, Nepal** *PAN No: 609638479*



## ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि.

थहिटी वडा नं. - १७ काठमाण्डौ फोन : ०१-५३४४७७१, ५३४४७७२

## तपसिलमा उल्लेखित ऋणीको धितो लिलामी बिक्री गर्ने बारे ३५ दिने सूचना

प्रकाशित मिति: २०८२/०१/१५ (आर्थिक अभियान पत्रिका)

यस ऋद्धि सिद्धि बहुउद्देश्यीय सहकारी संस्था लि. थहिटी काठमाडौं बाट तपाई तपसिलमा उल्लेखित ऋणीहरूले आफ्नो व्यापार व्यवसाय संचालन गर्न लिनु भएको व्यक्तिगत कर्जाको यस संस्था सँग सम्झौता बमोजिम सो कर्जाको भाखा नाघेको र साथै समय समयमा बुझाउनु पर्ने किस्ताहरु हाल सम्म पनि सांवा व्याज हर्जाना व्याज दै दस्तुर तिर्न बुझाउन पटक पटक लिखित तथा मौखिक र टेलिफोन बार्ता गरी तरताकेता गर्दा तथा कर्जा चुक्ता भुक्तान गर्न समय दिईएकोमा सो समय भित्र संस्थामा संम्पर्क गरी कर्जा चुक्ता गर्न ऋणीलाई अनुरोध गरीएकोमा हाल सम्म पनि संस्थाबाट दिएको समय भित्र र बिभिन्न मितिहरूमा सार्वजनिक सूचनाहरू प्रकाशित गरि तरताकेता गर्दा समेत बेवास्ता गरी कर्जा तिर्न कुनै चासो नदेखाई कुनै पनि सांवा व्याज बुझाउन आउनु नभएको हुनाले यो ३५ दिने सूचना र ३६ औ दिन लिलामको सूचना प्रकाशित गरिएको छ । ३६ औं दिन ऋणीले आफ्नो सुरक्षण बापत यस संस्थाको नाममा धितो बन्धक लेखिदिएको तपसिलमा उल्लेखित घरजग्गाहरु संस्था कार्यालय थहिटीबाट, सहकारी ऐन २०७४ र नियमावली २०७५ मा भएको व्यवस्था बमोजिम वा प्रचलित कानून् बमोजिम सहकारी संस्थाले लिलाम बिक्री गरीने भएको हुदाँ सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ । पुनस्च: उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचना म्याद भित्र ऋण कर्जा भुक्तानी गरीगराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न हुन पुन: अनुरोध गरीएको छ । अन्यथा तोकिएको दिन लिलाम बिक्री कार्य हुने भएकोले उक्त दिन देखि घरजग्गाहरु खाली गरी दिनुहुन तथा लिलामका दिन ऋणी र धनजमानी कर्ताहरु सबै स्वयंम उपस्थीत भई लिलामबाट कायम हुने सम्पत्तिको मूल्य घट्टी वा बढी हुने प्रक्रियामा समेत प्रत्यक्ष अवलोकन निरीक्षणका लागी सूचित गरीन्छ । उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा संस्था आफैले सकार गर्दा समेत साविकमा संस्थाबाट मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा संस्था आफैले सकार गरी लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा संस्था आफैले सकार गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणी लगायत व्यक्तिगत जमानी दिनेहरुको अन्य श्री सम्पत्तिबाट असुल उपर गरीने व्यहोरा समेत यसै सूचना मार्फत थप जानकारी गराइएको छ ।

तपसिल

| क्र.सं. | ऋणिहरुको नाम र तीन पुस्ते: |
|---|---|
| १) | **ऋणीको नाम : कल्पना प्रधानाङ्ग**, ठेगाना:का.जी. वडा २५ केल टोल, बाबु: कर्ण बहादुर श्रेष्ठ बाजे: सन्त बहादुर श्रेष्ठ, पति : जितेन्द्र बहादुर प्रधानाङ्ग, ना.प्र.नं. : ३०२६/२४८२ काठमाडौं । |
| २) | **ऋणीको नाम : जितेन्द्र बहादुर प्रधानाङ्ग**, ठेगाना: का.जी.वडा, २५ केल टोल, बाबु: गोविन्द बहादुर प्रधानाङ्ग, बाजे: बिर बहादुर प्रधानाङ्ग, पत्नी: कल्पना प्रधानाङ्ग, ना.प्र.नं. : ३५३९/२४७८ काठमाडौं । |
| | **सुरक्षण लेखिदिएको घर/जग्गा:** |
| १) | ऋणी कल्पना प्रधानाङ्गको नाममा मा.पो.का ललितपुर लगनखेलमा दर्ता रहेका जिल्ला ललितपुर वडा ४ कि.नं १३३१ को क्षे.फ. ०-३-२-२ मा बनेको घर र सो घर जग्गाले चर्चेको लिगलगापात समेत । |
| | **जमानीकर्ताको नाम र तीन पुस्ते:** |
| १) | नाम: सुरज ख्वाउजु, ठेगाना : का.जी. वडा ३ रानीबारी टोल, बाबु: त्रिविक्रम ख्वाउंजु, बाजे : सुरेन्द्र बहादुर ख्वाउंजु, ना.प्र.नं. : १०९७ |

**लिलामीको शर्त तथा बन्देजहरू :**

१) बोलपत्र फारम यस संस्थाबाट रु. ५००/- अक्षेरूपी पाँच सय (फिर्ता नहुने गरी) खरिद गर्न सकिने छ, फोटोकपी गरिएको बोलपत्र मान्य हुनेछैन ।
२) बोलपत्र फारममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।
३) बोलपत्र फारममा आफूले बोलकबोल गरेको अंकको १०% (दश प्रतिशतले) हुन आउने रकम जसमा व्याज प्राप्त नहुने गरी धरौटी बापत्को रकम यस सहकारी संस्थामा टेण्डर डिपोजिट उल्लेखित खाता नं १-०७-०२-१४ मा जम्मा गरेको सक्कल भौचर र बोलपत्र साथ पेश गर्नुपर्ने छ ।
४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालयमा समय भित्र सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ ।
५) बोलपत्र दाखिला भैसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरूमा कुनै हेरफेर हुनेछैन ।
६) बोलपत्र स्वीकार वा अस्वीकार गर्ने र लिलाम सम्वन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ र साथै बोलपत्र स्वीकृत वा अस्वीकृत नभए सम्म धरौटी बापत जम्मा गरेको रकम फिर्ता हुनेछैन ।
७) बोलपत्र स्वीकृत भएको पत्रमा उल्लेखित समय भित्र सम्पूर्ण बाँकी रकम बुझाई अचल सम्पत्ति आफ्नो नाउँमा नामसारी गरी लिनु पर्छ ।
८) नामसारी गराउँदा लाग्ने सबै दैदस्तुर वा अन्य दैदस्तुर घर/जग्गा खरिदकर्ताले व्यहोर्नु पर्नेछ ।
९) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ । बोलपत्र लिलाम बिक्रीका दिन सार्वजनिक वा संस्था बिदा परेमा उक्त दिनको भोली पल्ट अर्थात् संस्था खुलेको दिन दिउँसोको २ बजे बोलपत्र खोलि लिलाम बिक्री हुनेछ ।
१०) बोलपत्र सम्वन्धी अन्य शर्तहरू बोलपत्र फारममा उल्लेखित भए बमोजिम हुनेछ ।





## अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

(प्रकाशित मिति: २०८२/०१/१५)

यस कार्यालयबाट मिति २०८१/११/२३ गते प्रकाशित सूचना बमोजिम देहायको योजनाको लागि e–GP मार्फत दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये निम्न अनुसारको बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/१/२२ गतेको दिन बिहानको ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमवाली, २०६४ को नियम ३१ (ज) उपनियम ५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | योजनाको नाम | बोलपत्र दाताहरुको नाम/ठेगाना |
|---|---|---|
| १. | Construction of Arun Multipurpose Spiritual Foundation Building. Arun Rural Municipality-3, Bhojpur. (NCB/08/BW/ARUN/081/082) | 1. Bhawana/Lo J/V. Baudha-6, Kathmandu.<br>2. Wambule/Republic JV. Okhaldhunga.<br>3. Bhusnamchha/R. S Construction JV. Triyuga 11, Gaighat.<br>4. Dixil - Purbeli-Ganesh Nirman J/V. Haldibari-3, Jhapa.<br>5. Fuljor-Tara J/V. Bhojpur.<br>6. Beltar-Makalu-Shree K.L. J.V. Bhojpur.<br>7. UD Builders Companey Pvt.Ltd. Bhojpur. |

प्रमुख प्रशासकीय अधिकृत

ऋण कसैका लागि दायित्व हो भने कसैका लागि सम्पत्ति हो ।

**- पाउल क्रुगम्यान**

सम्पादकीय

# मानसरोवर राम्रो अवसर

चीनले जुनदेखि भारतीय पर्यटकका लागि कैलास पर्वत र मानसरोवरको यात्रा खुला गर्ने समाचारसँगै यहाँको प्याकेज सञ्चालन गर्दै आएका पर्यटन व्यवसायी उत्साहित देखिएका छन् । धेरै भारतीय पर्यटक नेपालको बाटो भएर कैलास मानसरोवार जाने भएकाले नेपालका पर्यटन व्यवसायीले राम्रो फाइदा लिन पाउने देखिन्छ । झन्डै दुई दर्जनभन्दा बढी ट्राभल एजेन्सीले कैलास मानसरोवर यात्रा सञ्चालन गरिरहेका छन् । भारतीय पर्यटकलाई त्यहाँ लैजाँदा नेपालका पशुपति क्षेत्रलगायतमा पनि ती पर्यटकीय लैजाने गरिन्छ । मानसरोवरमा अहिलेसम्म नेपालबाट मात्रै जान सहज छ । भारतबाट सीधै मानसरोवर जतिसुकै तीर्थयात्रु जान पाउने व्यवस्था भएमा चाहिँ नेपालले यो अवसर गुमाउन सक्छ ।

कोरोना महामारी शुरू भएपछि सन् २०२० मा चीनले मानसरोवर जाने यात्रीमाथि रोक लगाएको थियो । त्यसअघि नेपाली ट्राभल एजेन्सीले भारतीय पर्यटकलाई मानसरोवर लैजाने गरेका थिए । हिल्सा र रसुवागढी नाकाबाट भारतीय पर्यटकलाई त्यहाँ लैजाँदा नेपाली व्यवसायीले राम्रो आम्दानी गरेका थिए । खासगरी हिल्साबाट छोटो अवधिमा पुग्ने भएकाले नेपालगञ्ज विमानस्थलमा हेलिकोप्टर र प्लेनको भीड नै लाग्ने गरेको थियो । तर, कोरोनाका कारण देखाउँदै चीनले दुवै नाका बन्द गरिदिएपछि नेपाली पर्यटन क्षेत्रले एउटा आम्दानीको अंश गुमाएको थियो । पछि चीनले नेपाली र भारतीय पासपोर्ट बाहेकलाई मानसरोवर खुला गर्‍यो । हजारौं भारतीयलाई मानसरोवर लगिरहेका ट्राभल एजेन्सीले केही थोरै नेपालीलाई मानसरोवर लगेर आफ्नो व्यवसाय जोगाएका थिए । चीनले भारतीय नागरिकबाहेकका लागि मानसरोवर खुला गरेपछि तेस्रो मुलुक पुगेका भारतीयहरू मानसरोवर लैजाने क्रम चल्यो । अहिले उसले भारतीयहरूका लागि पनि मानसरोवर खुला गरेपछि नेपाली व्यवसायी उत्साहित भएका छन् ।

चीनले भारतीयहरूलाई मानसरोवरमा लैजान दिनेबारेमा निर्णय गरिसकेको भए पनि त्यसको औपचारिक जानकारी भने पठाइनसकेको पर्यटन व्यवसायीको भनाइ छ ।

चीनले भारतबाट सीधै पनि मानसरोवर जान स्वीकृति दिने गरेको छ । करीब १ हजार यात्रु धार्चुलाको बाटो हुँदै नेपाल र भारतबीच सीमा विवाद रहेको लिपुलेक हुँदै मानसरोवर जाने गरेका छन् । नेपालबाट जानुभन्दा यस क्षेत्रबाट मानसरोवर जान

- **नेपालको पशुपतिनाथ र कैलासलाई एउटै प्याकेज बनाएर बेच्दा पर्यटन व्यवसायीका लागि थप आम्दानीको बाटो खुल्न सक्छ ।**

सस्तो पर्ने भए पनि बढी समय लाग्ने भएकाले उनीहरूले नेपाल नै रोज्ने गरेको व्यवसायीको भनाइ छ । जसरी मुस्लिमहरूका लागि मक्कामदिना जीवनमा एकपल्ट पुग्नै पर्ने धार्मिक यात्रा मानिन्छ त्यसैगरी हिन्दूहरूका लागि पनि मानसरोवर र कैलास पर्वत निकै पवित्र धार्मिक स्थल मानिन्छ । यो क्षेत्र हिन्दू, जैन, बौद्ध बोन धर्मावलम्बीहरूका लागि निकै पवित्र तीर्थस्थल मानिन्छ । ७० वर्ष नाघेका भारतीयहरूलाई प्रवेश नदिइने भएकाले ५ वर्षदेखि रोकिएका भारतीयहरू मानसरोवर जानका लागि निकै भीड लाग्ने अनुमान व्यवसायीहरूको छ । व्यवसायीले पैसाको प्रलोभनमा जथाभावी गरे, अस्वस्थ प्रतिस्पर्धा भयो भने समस्या पैदा हुन सक्छ । मानसरोवरमा तीर्थयात्रु लैजाँदा होटेल र गाडी चिनियाँ नै प्रयोग गर्नुपरे पनि यात्रुहरूका लागि शाकहारी खानाको व्यवस्था नेपालकै टुर अपरेटरहरूले गर्छन् । मानसरोवर जान भारतीयहरूका लागि करीब २ लाख भारतीय रुपया बराबरको प्याकेज बनाइएको हुन्छ । नेपालीलाई भन्दा भारतीयलाई बढी शुल्क लिने गरेकाले उनीहरूले बढी पैसा तिर्नुपर्छ । अहिले नेपाली तीर्थयात्रुलाई डेढ लाखको हाराहारीमा प्याकेज विक्री भइरहेको छ । त्यसैले मानसरोवर यात्राबाट नेपालको पर्यटन व्यवसायले राम्रो लाभ लिने देखिन्छ ।

भारतीय हिन्दूहरूका लागि नेपाल पनि धार्मिक गन्तव्य नै हो । भारतको विभिन्न प्रान्तीय सरकारहरूले मानसरोवर जाने तीर्थयात्रुहरूलाई १ लाखभन्दा बढी भारू सहयोग दिने गरेको छ । नेपाली ट्राभल एजेन्सीहरूले मानसरोवर यात्रा सम्पन्न गरेको प्रमाणपत्र दिएपछि त्यसैका आधारमा उनीहरूले सरकारबाट सहयोग लिन पाउँछन् । नेपालको पशुपतिनाथको दर्शनमा आउने भारतीय ज्येष्ठ नागरिकलाई पनि केही प्रदेश सरकारहरूले आर्थिक सहयोग दिने गरेका छन् । वास्तवमा नेपालको पशुपतिनाथ र कैलासलाई एउटै प्याकेज बनाएर बेच्दा पर्यटन व्यवसायीका लागि थप आम्दानीको बाटो खुल्न सक्छ । मानसरोवर राम्रो अवसर भएकाले नेपालका व्यवसायीहरूले यसमा विशेष ध्यान दिनुपर्छ । अस्वस्थ प्रतिस्पर्धा भयो र सेवा स्तरीय भएन भने नेपालको छवि खराब हुन सक्छ । त्यसैले सरकारले पनि यसका लागि आवश्यक नियमनमा ध्यान दिनु उपयुक्त हुन्छ ।

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## अर्थतन्त्रको गतिशील क्षेत्रमा लगानी हुनुपर्छ

२०४८-५१ सालसम्मको नेपाली काङ्ग्रेसको सरकारमा म अर्थमन्त्री थिएँ । त्यही अवधिमा आव २०५०/५१ को आर्थिक वृद्धिदर ७ प्रतिशतभन्दा बढी भएको थियो । मुलुकमा गएको ठूलो बाढीपहिरो र डुबानका कारण कृषिक्षेत्रको वृद्धिदर खुम्चिएको अवस्थामा पनि त्यति ठूलो आर्थिक वृद्धि हुनु निश्चय पनि उत्साहप्रद थियो ।

पञ्चायतको बन्द किसिमको व्यवस्था अन्त्य गरी नीतिगत तथा प्रशासनिक खुलापन ल्याएपछि थोरै व्यावसायिक घरानामा सीमित मुलुकको औद्योगिक-व्यावसायिक क्षेत्रमा धेरै लगानीकर्ताको प्रवेश भयो । उनीहरूले विभिन्न नयाँनयाँ क्षेत्रमा लगानी विस्तार गरे । जलविद्युत्, बैङ्किङ, दूरसञ्चार, पर्यटन, सञ्चारलगायतका क्षेत्रको तीव्र विकास भयो । निर्यात असाधारण रूपमा बढ्यो । परिणामस्वरूप ठूलो आर्थिक वृद्धि सम्भव भयो । अहिले राजनीतिका कारण मुलुकको अर्थतन्त्र निकै प्रभावित भएको छ, नीतिगत स्थिरता छैन ।

**(पूर्व अर्थमन्त्री महेश आचार्यसँगको कुराकानीबाट)**

**वर्ष ८, अंक १५४, बुधवार ९ फागुन, २०६९**

# समावेशीय लघुवित्तीय सेवा

## परिवर्तनीय सोचको खाँचो



**अहिले एक प्रकारले समावेशीय लघुवित्तीय सेवा प्रदान गर्ने लघुवित्तीय संस्थाहरूको उपस्थितिलगायत तिनले विस्तार गरेका सेवाहरूलाई बेवास्ता नगरी तिनको उपस्थितिको स्वस्थ विस्तार आवश्यक छ भने समावेशीय वित्तीय सेवाका चिन्तन एवम् नीतिगत व्यवस्थामा पनि परिमार्जनको खाँचो छ ।**

**कृष्ण प्रधान**

पछिल्लो समयमा समावेशीय वित्तीय सेवाका बारेमा चर्चा परिचर्चा मात्र होइन, कर्जा लगानी गर्दा यसलाई अनिवार्यसमेत मान्न थालिएको छ । खासगरेर दातृ निकायहरूले अचेल दिने कुनै सहायता होस्, अनुदान होस् वा ऋण नै किन नहोस्, समावेशीयताका शर्तहरू तेर्स्याउने गरेका छन् । साथसाथै, बैंक तथा वित्तीय संस्थाहरूबाट हुने लगानीले जलवायु र वातावरणमाथि पुर्‍याउने क्षतिका बारेमा पनि स्पष्टसित अध्ययन र मूल्यांकन गरी त्यसको जोखिमसमेतका लागि ध्यान पुर्‍याउनुपर्ने कुरा पनि अनिवार्यजस्तै हुन थालेको छ । यसले गर्दा अबको लगानी भनेको जिम्मेवारयुक्त लगानी हुनुपर्छ भन्ने तर्कहरू अगाडि सार्न थालिएको देखिन्छ । भलै, यसको अनुपालना नेपालका वित्तीय संस्थाहरूले कत्तिको गरेका छन् भन्ने कुरा सतहमा आइसकेको भने छैन । तर, चिन्ता भने नियमनकारीहरूमा देखिन थालेको छ ।

वित्तीय सेवामा समावेशिता भन्नाले सबै वर्ग र तहका सेवाग्राहीलाई विनाभेदभाव उपलब्ध हुने वा गरिने बैंकिङ वा वित्तीय सेवालाई जनाउँछ । यस्तो सेवामा खासगरेर वित्तीय क्षेत्रले धनी वा गरीब वा घरानाको भेदभाव राख्नु हुँदैन भन्ने मान्यता राख्छ । अझ विस्तारमा भन्दा गरीब र सीमान्त वर्गलाई हुनेगरी ल्याइएको वित्तीय सेवा नै समावेशीय वित्तीय सेवा हो भनेर बुझिन्छ । यो वाक्यांशको थालनी हुनुपूर्व नै नेपालमा समावेशीय वित्तीय सेवाको थालनी भने तीसको दशकबाटै भएको मान्न सकिन्छ । त्यो बेलाका वाणिज्य बैंक (दुईओटा मात्र थिए) हरूमार्फत थालनी गरिएको साना क्षेत्र कर्जा कार्यक्रम नै यसको आरम्भ हो । बैंकहरूको साधन (निक्षेप)को अधिकांश अंश माथवर घरानाहरूमा मात्र जाने भएकाले २०३१ सालमा केन्द्रीय बैंकले वाणिज्य बैंकहरूले आफ्ना निक्षेपको ५ प्रतिशत बराबरको रकम साना क्षेत्र (तोकिएको कृषि, घरेलु उद्यम र सेवा व्यवसाय)मा अनिवार्य लगानी गर्नु पर्ने व्यवस्था नै यसको आरम्भ हो भन्न सकिन्छ । यो व्यवस्थाकै निरन्तरता आजको प्राथमिकता क्षेत्रमा हुने लगानी हो । तर, यो क्षेत्रगत लगानी हो । यसमा के कति सीमान्त वर्गलाई जाने भन्ने स्पष्टता थिएन भने त्यो धितोमै आधारित भएकाले धितो नहुनेका लागि त्यसले खासै प्रभाव पार्थेन पनि । पछि २०३८ सालमा आएको सघन बैंकिङले केही हदमा सामूहिक जमानीमा कर्जा प्रवाहको थालनी गरेपछि मात्र बैंकहरूले समावेशिताको अभ्यास जानेर वा नजानेर गरेका हुन् । तर, त्यो कार्यक्रम ज्यादा प्रचारबाजीमै सीमित रहेको हो । त्यसका लागि भइरहेकै वाणिज्य बैंकिङ र कृषि बैंकिङ समानान्तर रूपले अघि बढाउने संस्थागत सोच पनि उदार हुन सकेन । फलतः त्यो कार्यक्रम फेल नै भयो । २०४९ सालमा आएको ग्रामीण बैंकिङको अभ्यासदेखि मात्र वास्तविक रूपमा समावेशीय वित्तीय सेवाको थालनी भएको कुरा स्वीकार्नुपर्छ ।

हाल नेपालका वाणिज्य बैंकहरू, विकास बैंक र वित्त कम्पनीहरूले यस्तो क्षेत्रमा केकस्तो योगदान गरेका वा गरिरहेका छन् भन्ने कुराको लेखाजोखा गर्ने तथ्यांककै अभाव छ । यस कोणबाट हेर्दा परम्परागत बैंकिङ सेवाबाट अलग रहेका/रहन बाध्य पारिएका वर्गलाई विनाधितो सामूहिक जमानीमा वित्तीय सेवा प्रदान गर्ने कार्य गर्दै आएका लघुवित्तीय संस्थाहरूबाट प्रवाहित लघुवित्तीय सेवालाई मात्र समावेशीय वित्तीय सेवाको एउटा अनुपम उदाहरणका रूपमा लिनुपर्ने अवस्था पनि छ । हुन त क्षेत्रगत लगानीका हिसाबले अहिले वाणिज्य बैंकहरू (क वर्गीय वित्तीय संस्था) ले ४५ प्रतिशत तोकिएको क्षेत्रमा लगानी गर्नुपर्छ । यसमा कृषि, पर्यटन, जलविद्युत् र घरेलु तथा साना उद्योगहरू पर्छन् । विपन्न वर्गमा जाने लगानीबाहेक ती ठूला लगानी नै हुन् । लघुवित्तीय संस्थाहरू (घ वर्गका वित्तीय संस्था)बाट हुने लगानी समाजका विपन्न र सीमान्त एवम् महिला वर्गलाई वित्तीय पहुँचको व्यवस्था गरिएको हुँदा यसलाई निःसंकोच समावेशी वित्तीय सेवा भन्न सकिन्छ । एक तिहाइ कर्जा धितोमा लगानी गर्ने वर्तमानको व्यवस्था भए पनि केही वर्षअगिसम्म सबै विनाधितो तर सामूहिक जमानीमा कर्जा प्रवाह हुन्थ्यो । केही वर्ष पहिलेसम्म त यो महिलामा मात्र कर्जा लगानी हुन्थ्यो । लैगिंक हिसाबले यो शतप्रतिशत महिलामा भएको लगानी पनि थियो । पछिल्लो समयमा धितो कर्जासमेत (हाल १७.५ प्रतिशत लगानी) को थालनी भएकाले लघुवित्तीय संस्थाहरूबाट जाने कर्जा अहिले करीब ९६ प्रतिशत महिला समावेशी (कुल सेवाग्राही ६०.८९ लाख, २०८१ पुस) छन् । अर्थात् यसका सेवाग्राही अधिकांश महिला नै छन् (२०८१ पुसमा अधिकांश महिला (९६.२ प्रतिशत) । सीमान्तकृत वर्गमा लघुकर्जा, लघुबचतलगायत अन्य समाजिक समावेशिताका कार्यहरूमा समेत संलग्न गराउँदै लाने लघुवित्तीय सेवा समावेशीय वित्तीय सेवा नै हो ।

नेपालका वित्तीय सस्थाहरूले आफ्ना लगानीलाई समावेशी गर्न सकेनन् भन्नेहरूका लागि लघुवित्तीय संस्थाहरूबाट भइरहेको लगानी एउटा जवाफ हुन सक्छ । तथापि, त्यसमध्ये समाजका अत्यन्त पिछडिएका वर्ग (जातिगत र आर्थिक सामाजिक हिसाबले), गरीबीको रेखामुनिका वर्गमा केकति लगानी भएको छ भन्ने वास्तविक तथ्यांकको अभाव पनि छ । यो काम गर्न नसकिने भने होइन । मूलतः हाम्रो लगानी समावेशी हुनकै लागि जातीय आधारमा वा लैंगिक आधारमा वा आर्थिक हैसियतका आधार हुनुपर्छ भन्ने कुराको पहिले टुंगो लाग्नुचाहिँ राम्रो हो । बैंक वित्तीय संस्थाबाट हुने लगानीमा जात, वर्ग र लिंगको कुनै औचित्य हुँदैन । कर्जाका परियोजनाबाट हुने प्रतिफल र त्यसको उत्पादकत्व, रोजगारी सृजनालगायत विषयका अतिरिक्त सबैभन्दा बढी उक्त कर्जा फिर्ता हुने सम्भावनाहरूमा बढी ध्यान केन्द्रित हुनु अनिवार्य हुन्छ । अहिले लघुवित्तीय संस्थाहरूका विरुद्धमा भइरहेको सडक आन्दोलनलाई हेर्दा के भन्न सकिन्छ भने समावेशीय आधारलाई मात्र ध्यान दिएर हुने लगानी नै सबैथोक नहुँदो रहेछ । लक्षित वर्गको पहिचानविना नै यस क्षेत्रमा लगानी भएको हो कि ? भन्ने पनि यसले शंका उत्पन्न गर्छ । समावेशीय लगानीमा लक्षित वर्गको पहिचान महत्त्वपूर्ण हुन्छ भने त्यसका लागि सरकारले नै पहिचानका आवश्यक आधारहरूको व्यवस्था गर्नुपर्छ ।

- **गरीब र सीमान्त वर्गलाई हुनेगरी ल्याइएको वित्तीय सेवा नै समावेशीय वित्तीय सेवा हो भनेर बुझिन्छ ।**
- **हाम्रो लगानी समावेशी हुनकै लागि जातीय आधारमा वा लैंगिक आधारमा वा आर्थिक हैसियतका आधार हुनुपर्छ भन्ने कुरा पहिले टुंगो लाग्नुपर्छ ।**
- **कतिपय वाणिज्य बैंकहरू विपन्न वर्गलाई समावेश गर्न नै रूचाउन्नन् । कतिपयले धितोको कारण देखाउँछन् ।**
- **समाजका विपन्न, सीमान्त र जातीय हिसाबले पिछडिएका वर्गलाई वित्तीय सेवा प्रवाह गर्दा लिइने सेवा शुल्कहरूमा विशेष किसिमको सहुलियत दिनुपर्छ ।**
- **पहाडी, हिमाली र विकट ग्रामीण क्षेत्रमा वित्तीय सेवा पुर्‍याउने कार्य कठिन र चुनौतीपूर्ण पनि छ ।**


वित्तीय संस्थाहरूबाट हुने लगानीको स्रोत सित्तैमा आएको हुँदैन । त्यसको पनि लागत हुन्छ । नेपाली वित्तीय संस्थाहरूको सबैभन्दा ठूलो स्रोत भनेकै निक्षेप हो, जुन आम नागरिकको बचत हो । यसपछि लगानीकर्ताहरूको शेयर लगानी, ऋणपत्र आदिले स्थान लिएका हुन्छन् । ती स्रोतको पनि लागत हुन्छ । त्यस्तै साधनका केही अंश लघुवित्तीय संस्थाहरूलाई प्राप्त हुने स्रोत हो जुन विपन्न वर्गअन्तर्गत प्राप्त हुने गरेको छ । यसरी प्राप्त हुने स्रोतको समुचित वितरण हुनुपर्ने कुरा आर्थिक पाटोका हिसाबले एउटा तर्क हो भने तिनलाई उत्पादनसित जोडेर लैजानुपर्छ र लगानी भइसकेको रकम फिर्ता भई आउनुपर्छ भन्ने सामान्य तर आधारभूत अवधारणालाई बिर्सन नमिल्ला । यसैले वित्तीय संस्थाहरूबाट जाने साधन शीप भएका र क्षमता भएका इमानदारहरूको वित्तीय क्षमता विस्तारका लागि एउटा वित्तीय स्रोत हुनुपर्ने कुरामा पहिलो ध्यान जानसक्यो भने मात्र समावेशीय लगानीको अर्थ पनि खुल्छ ।

समाजका विपन्न, सीमान्त र जातीय हिसाबले पिछडिएका वर्गलाई वित्तीय सेवा प्रवाह गर्दा लिइने सेवा शुल्कहरूमा विशेष किसिमको सहुलियत दिनुपर्छ भन्ने एउटा विचारको कदर गर्ने कुरा छ त्यो अहिले पनि कायम देखिन्छ भने यस्ता विषयमा सरकारले समावेशीय वित्तीय सेवा पुर्‍याउने लघुवित्तीय संस्थाहरूलाई बजेटरी सहयोग गर्नु आवश्यक छ । तर, यस विषयमा सरकार कहिले अगाडि आएको देखिएन । विकट क्षेत्रमा सेवा प्रवाह गरिरहेका लघुवित्तीय संस्थाहरूलाई समावेशीय वित्तीय सेवा पुर्‍याउने विषय सुविधासम्पन्न क्षेत्रमा सेवा विस्तारका तुलनामा महँगो पर्ने हुन्छ । पहाडी, हिमाली र विकट ग्रामीण क्षेत्रमा वित्तीय सेवा पुर्‍याउने कार्य कठिन र चुनौतीपूर्ण पनि छ । कतिपय वाणिज्य बैंकहरूले विपन्न वर्गलाई समावेश गर्न नै रुचाउँदैनन् । कतिपयले धितोका कारण देखाउँछन् । कतिपय अवस्थामा नीतिगत व्यवस्था भए पनि आलटाल गर्ने स्थिति उजागर नै छ । कतिपय राजनीति अभिप्रेरित पपुलिस्ट वित्तीय कार्यक्रमको उपलब्धि खासै सन्तोषजनक नभएका कारण बैंकहरू निर्देशित कर्जामा जान रुचाउँदैनन् ।

यसै परिप्रेक्ष्यमा अहिले एक प्रकारले समावेशीय लघुवित्तीय सेवा प्रदान गर्ने लघुवित्तीय संस्थाहरूको उपस्थितिलगायत तिनले विस्तार गरेका सेवाहरूलाई बेवास्ता नगरी तिनको उपस्थितिको स्वस्थ विस्तार आवश्यक छ भने समावेशीय वित्तीय सेवाका चिन्तन एवम् नीतिगत व्यवस्थामा पनि परिमार्जनको खाँचो छ ।

*प्रधान नेपाल राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक हुन् ।*

# नेपालमा उद्यमशीलता : चुनौती कि अवसर ?



**जवाफदेहिताको संस्कृति दोषीलाई सजाय दिन मात्र होइन, सार्वजनिक सम्पत्तिको सदुपयोग र जनताको भलाइका लागि पनि व्यवस्थित गरिनुपर्ने हुन्छ । जवाफदेहिताविना नेपालको विकास र आधुनिकीकरण सपना मात्र रहन्छ ।**

**- दीपेश कर्ण**

सन् २०२३ को तथ्यांकअनुसार नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) करीब ५६ खर्ब रहेको छ, यसमध्ये पछिल्लो १ दशकभन्दा पनि बढी समयदेखि जीडीपीमा सबभन्दा बढी योगदान सेवाक्षेत्रको, त्यसपछि कृषि र सबभन्दा कम उद्योग क्षेत्रको रहेको छ । राष्ट्रिय तथ्यांक कार्यालयको अध्ययनअनुसार सन् २०२२/२३ तिर नेपालको जीडीपीमा सेवाक्षेत्रको ६२ दशमलव ४३ प्रतिशत, कृषिक्षेत्रको २४ दशमलव १२ प्रतिशत तथा उद्योग क्षेत्रको १३ दशमलव ४५ प्रतिशत योगदान मात्र छ । त्यस्तै खाद्य तथा अखाद्य गरी उपभोक्ता मूल्यमा मुद्रास्फीति सन् २०२०/२१ देखि २०२२/२३ सम्ममा लगातार बढेकै छ । आयातमुखी नेपालको अर्थतन्त्रमा वस्तु तथा सेवातर्फ जीडीपीमा आयात ४२ दशमलव ६४ प्रतिशत तथा निर्यातमा मात्र ६ दशमलव ७६ प्रतिशत योगदान देखिएको छ । कुल गार्हस्थ्य उत्पादन (जीडीपी)मा उच्च आयात र सीमित निर्यातले गर्दा नेपालले आफ्नो घरेलु माग पूरा गर्न वैदेशिक वस्तु तथा सेवामा धेरै निर्भर रहेको देखिन्छ । यो निर्भरताले नेपालको अर्थतन्त्रलाई अन्तरराष्ट्रिय मूल्य तथा व्यापार नीतिहरूमा हुने उतारचढावले प्रत्यक्ष जोखिममा पार्छ । नेपाल अहिले जस्तै वैदेशिक मुद्राको विनिमय दरमाथि पूर्ण निर्भर रहनुपर्ने हुन्छ र यसलाई नै पराश्रित अर्थतन्त्र भनिन्छ । नेपाल अहिले पनि उत्पादनभन्दा आयातमा, कृषिभन्दा पनि सेवाक्षेत्रतिर तथा उच्च मुद्रास्फीतिले ग्रस्त रहेको देखिन्छ । पछिल्लो केही वर्षदेखि संघीय बजेटले लगभग दुई तिहाइ बजेट चालू खर्च तथा एक तिहाइको लगभग मात्र पूँजीगत खर्चमा उपयोग गर्ने अभ्यास देखिन्छ । स्वदेशी उत्पादनभन्दा पनि वैदेशिक आयातमा निर्भरताको अभ्यास रहेको प्रणालीमा नवप्रवर्तन तथा सृजनशीलताले स्थान बनाउन धेरै कठिन हुन्छ । उद्यमशीलता पूर्णरूपले सृजनशीलताकै उपज हुन्छ । नेपालमा उद्यमशीलता कठिन नै छ । पछिल्लो समयमा वाणिज्य बैंकहरूका व्यावसायिक ऋणमा ब्याजदर १४ प्रतिशतसम्म नाघेको थियो । तत्पश्चात् व्यापार-व्यवसायमा हुँदै गएको ह्रासलाई महसूस गरिँदै बैंकहरूद्वारा उक्त ब्याजदरमा सहुलियत ल्याइयो तर पनि व्यवसाय उक्सन सकेन ।

कोरोना महामारीपछि कमजोर परेको नेपाली अर्थतन्त्र वास्तवमा भन्ने हो अहिले पनि पूर्णरूपमा उठ्न सकेको छैन । आज वीरगञ्ज औद्योगिक क्षेत्रका कयौं चिम्नीले धूवाँ छोड्न बन्द गरिसक्यो । भएभरका उत्पादन पनि ठप्प हुने अवस्थामा आइसकेको छ । निजीक्षेत्रमा वर्षौंदेखि सेवा दिँदै आएका कतिपय कर्मचारीमा जागीर नै छुट्यो भने कत्ति अव्यावहारिक तलबमानमा गुजारा गर्दै आइरहेका छन् । देशले उत्पादन तथा निर्यातलाई बल दिन नसकेका बेला यस्तो अवस्था सृजना हुन जान्छ । जटिल करप्रणालीले दैनिक उपभोग्य वस्तुलाई मूल्य अभिवृद्धिकर तथा अन्य राजस्व असुलउपर झन् महँगो बनाएको छ । आज तथ्यांकमा मुद्रास्फीतिको दर जे हेरिए पनि व्यावहारिक रूपमा बजार भाउलाई हेर्दा त्यसको कयौं गुणा महँगी भेटिन्छ । कृषिप्रधान नेपालमा कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २४ प्रतिशतमा झरेको छ । व्यावसायिक कृषि उद्यमशीलताका लागि फलदायी हुन सक्छ तर व्यावहारिक देखिएको छैन । हामीसँग मल छैन, युरिया उत्पादनको उद्योग नभएर भारतबाट आयात हुन्छ । खेतमा सिँचाइ पुग्न सकेको छैन । उत्पादन गर्नका लागि आवश्यक कच्चा पदार्थ तथा प्रशोधित कच्चा पदार्थका लागि समेत भारत तथा अन्य तेस्रो मुलुकमाथि निर्भर हुनुपरेको छ । जसोतसो कम पूँजीमा नै थालनी गरेको उद्योगलाई जटिल कानूनी प्रक्रिया तथा करले काम गर्न दिँदैन । खुला सिमानाका कारणले भारत तथा चीनबाट आयात हुने वा चोरीनिकासी भइआएको वस्तुले झन् चुनौती सृजना गरेको छ । उच्च करको दरको साथै जटिल प्रणालीले उत्पादित वस्तुलाई बजारीकरण गर्न गाह्रो बनाएको छ । मूल्य अभिवृद्धिकर, महँगो इन्धनको दरले बढ्दो यातायात खर्च, विभिन्न शीर्षकहरूमा थपिने स्रोतमा करकट्टी, महँगो प्रविधि र त्यसमाथि व्यवसायमा अनलाइन प्रणालीको बाध्यता आदिले उद्यमीले तयार पारेका मालवस्तु प्रतिस्पर्धी ठूलो कम्पनी तथा भारतीय बजारको तुलनामा अति धेरै महँगो हुन जान्छ । नेपालमा ठूलो उपभोक्ता बजार पनि नभएकाले नयाँ उद्यमीलाई घरेलु व्यापारमै विक्रीका धेरै अवसर खोज्न कठिन हुन्छ । अन्य मुलुक निर्यात गरेर बेच्नलाई वस्तुको गुणस्तर विश्वव्यापी प्रतिस्पर्धी हुनुपर्छ जसका लागि सामग्री-सुविधामा ठूलै लगानीको आवश्यकता हुन्छ । सरकारले स्टार्ट अपका लागि किताबी नीति व्यवस्थापन गरे पनि सतही स्तरमा नेपाली अर्थ व्यवस्थामा अव्यावहारिक नै देखिन्छ ।

नेपालका लागि व्यावसायिक खेती अहिले र भविष्यको बजारका लागि पनि मुनाफामूलक देखिन्छ । तर, डीएपी, युरिया, एनपीके, बीज, जाइम आदिका लागि अहिले पनि हामीले भारतको गुजरात प्रदेश र उत्तरप्रदेशकै मल उत्पादन गर्ने कम्पनीको मुख ताक्नुपर्ने बाध्यता छ । मल आयात गर्ने जिम्मेवारी पाएको साल्ट ट्रेडिङ कम्पनी लिमिटेडले आवश्यकताका बेला आपूर्ति गर्न सकेको छैन र धेरै निजी कम्पनीले आयात गरेको मल महँगो र गुणस्तरहीन भएको पाइन्छ । यस्तोमा उद्यमशीलतातर्फ व्यावसायिक खेतीलाई पनि मोड्न सकिने भए किसानको मनोबल बढ्ला । जनसाधारणको आयस्रोत कमजोर भएकाले बचतको अनुपात न्यून छ । यस्तोमा ठूलो लगानी आउँदैन । आजकल शहरतिर चिया र नास्ताको क्याफेलाई नै स्टार्टअप र उद्यमशीलताको नाम दिने स्वरोजगारको होड चलेको देखिन्छ । यसलाई स्टार्टअप भन्न सकिएला तर उद्यमशीलता होइन । नेपालमा प्रविधि, कला, प्राकृतिक स्रोतसंसाधन, शिक्षा आदि सबैतिर सृजनशीलताका केही नयाँ व्यावसायिक उत्पादन ल्याई उद्यमशीलता विकास गर्न सकिन्छ । कृषिमात्र नभई वृक्षरोपण गरेर व्यावसायिक वन बनाई त्यसबाट जडीबुटी तथा काठका अन्य नयाँ उद्यम विकास गर्ने सम्भावना पनि छ । नेपाली खानपान विश्वभरिमा एक अलग पहिचान राख्छ । यस्तोमा खाने वस्तुतिर नै नयाँ निर्यातयोग्य परिकार आविष्कार गरी व्यावसायिक अभ्यास गर्न सकिन्छ । अर्थशास्त्रमा सबभन्दा विवादित शब्दमध्ये एक खुशी सूचकांक (ह्याप्पी इन्डेक्स) पनि हो । यो सूचकांकमा पर्ने मापदण्ड एउटै भए पनि यूरोपेली राष्ट्रहरूको बुझाइ र नेपाल भारतजस्ता दक्षिण एशियाली राष्ट्रहरूको बुझाइ फरक पर्न सक्छ । हाम्रा लागि खुशी भनेको जहिले पनि भौतिक संसाधनमा मात्र निर्भर रहँदैन । हाम्रो खुशी भावना र आत्मसन्तोषसँग जोडिएको हुन्छ । आज कृत्रिम बुद्धिमत्ता (आर्टिफिसियल इन्टेलिजेन्स) युगमा पनि हाम्रो नेपालमा शिक्षा, संस्कारप्रति आकर्षण घटेको छैन । हाम्रो संस्कारसहितकै शिक्षाले धेरै हदसम्म भए पनि आत्महत्या, सम्बन्ध विच्छेदजस्ता गहन भावनात्मक आवेगलाई धेरै हदसम्म नियन्त्रण गर्न सकेको छ । हाम्रोतिरको शिक्षा र संस्कारलाई सृजनशीलताको माध्यमले नयाँपन प्रदान गरी उद्यममा रूपान्तरण गर्दै विश्वमार्गदर्शक बन्न सकिन्छ ।

उद्यमशीलताका लागि पहिला बजार विस्तार र व्यवस्थापन हुनु जरुरी हुन्छ । युवा जनशक्तिमा नेपाल धेरै धनी राष्ट्र हो । नयाँ उद्यम गरी स्वरोजगार सृजना गर्ने तिनमा क्षमता र प्रतिभा दुवै छन् । तर, जबसम्म राज्यका तर्फबाट उद्यमीको उत्पादनलाई राम्रो बजार प्रदान गरिँदैन तबसम्म उद्यमशीलता फस्टाउन सक्दैन । अहिलेसम्मको राज्यव्यवस्था राजस्व संकलनमा मात्र केन्द्रित रहेको देखिन्छ । अव्यवस्थित खुला सिमाना नेपालको उद्यमशीलता, व्यापार र सुरक्षा तीनओटै क्षेत्रका लागि राम्रो होइन । सीमावारिको बजार हाम्रै उपभोक्ताले फल्दै फुल्दै छ भने सानो ठूलो पूँजी लगाई व्यापार थालेका नेपालीको बजार खस्दै गएको छ । पहिला त नेपाली उपभोक्ताले हाम्रै उत्पादनलाई उपभोग गर्नका लागि राज्यले खुला सिमानाबाट मालसामानको अवैधानिक उपलब्धतालाई व्यवस्थापन गर्न सक्नुपर्छ । युवाले प्रतिमहीना २० हजार कमाइ गर्न सक्ने सानो व्यापारको सहज वातावरण नेपालमा छैन । यस्तोमा उद्यम गर्ने हौसला कहाँबाट आउला त ? यसमा राज्याको ध्यान जानुपर्छ । युवा छ, पूँजी छैन । पूँजी मग्न कहाँ जाने ? बैंकको प्रक्रिया र ब्याजको करचापले त्रास आउँछ अनि कसरी बढ्ला उद्यमशीलता ? देश अर्थले चल्छ । राज्यकोषमा अर्थको बलियो आधार नै व्यवसाय हो । आयातले राष्ट्रको पूँजी र विदेशी मुद्रा सञ्चिति बाहिर जाने भएकाले दीर्घकालीन समाधान उद्योग र उद्यम नै हो । यसको व्यवस्थापन गर्न नसके देशभित्र अव्यावहारिक तलबमानमा सरकारी जागीरको आकर्षण र युवा विदेशिने लय रोकिँदैन ।

*लेखक मधेश विश्वविद्यालय, वीरगञ्जका उपप्राध्यापक हुन् ।*

## मुस्ताङमा खानेपानीका मुहान सुक्दै

# कृषि र पशुपालन प्रभावित

मुस्ताङ । पछिल्लो समय हिमाली जिल्ला मुस्ताङमा पानीका मुहान सुक्दै जान थालेका छन् । यसबाट कृषि र पशुपालन व्यवसायमा विभिन्न प्रकारका चुनौती झेल्नुपर्ने बाध्यता आइपरेको छ ।

पानीका मुहान सुक्नुमा जलवायु परिवर्तनको हात रहेको मानिएको छ । हिमाली क्षेत्रको तापमान बढ्दा यहाँको पानीको स्रोत, कृषि, पशुपालन लगायत क्षेत्रमा नकारात्मक प्रभाव देखिन थालेको स्थानीय बताउँछन् ।

'व्यावसायिक क्षेत्र भएकाले खानेपानीको माग बढी छ,' उनले भने, 'पानीको स्रोत घट्दो छ, यसैले अन्य सम्भावना खोजेर दीर्घकालीन समाधान खोज्नुपर्छ ।'

हिमाली क्षेत्रको मुख्य फलफूल स्याउलगायत अन्य रैथाने बालीको व्यवस्थापन र मलजल गर्ने बेलामा हिउँ पर्न छाडेको र स्याउ फुल्ने बेलामा निरन्तर वर्षा हुँदा यहाँ क्षति हुने गरेको घरपझोङ-४ का किसान राजेन्द्र शेरचनले बताए ।

किसानका अनुसार मौसमको सट्टा बेमौसममा हिउँ पर्दा फलफूल बगैंचामा फुल्दै गरेका फूल झर्ने तथा तापमान वृद्धिले स्याउलगायत अन्नबालीमा विभिन्न रोगकिराको संक्रमण देखिन थालेको छ । यसबाट स्याउलगायत अन्नबालीको उत्पादन र गुणस्तर खस्किन थालेको राजेन्द्रले बताए । मौसम परिवर्तनका कारण मुस्ताङमा कुनै वर्ष पर्याप्त स्याउ उत्पादन हुने र कुनै वर्ष न्यून हुने गरेको किसानको अनुभव छ । *रासस*

**जोमसोम बजारमा खानेपानी आपूर्तिका लागि तीनओटा हिमस्रोत रहे पनि पछिल्लो समय तिनीहरू सुक्दै जान थालेको अध्यक्ष शेरचनले बताए ।**

घरपझोङ र वारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा आयोजित आगामी पञ्चवर्षीय ऊर्जा सम्भावनासम्बन्धी छलफल कार्यक्रममा जोमसोमका स्थानीयले जलवायु परिवर्तनको प्रभावका कारण खानेपानी, कृषि प्रणाली र पशुपालन क्षेत्रमा प्रतिकूल असर परेको बताए । घरपझोङ र वारागुङ मुक्तिक्षेत्रमा जिआइजेड नामक संस्थाले स्थानीय तहको पञ्चवर्षीय ऊर्जासम्बन्धी आधारभूत सर्वेक्षण गरिरहेको छ । उक्त सर्वेक्षणका क्रममा भएको छलफलमा जोमसोमका स्थानीयले जलवायु परिवर्तनले हिमाली जिल्ला मुस्ताङको खानेपानी, कृषि, पशुपालनलगायत जैविक विविधतामा असर गर्न थालेको बताए ।

घरपझोङस्थित जोमसोम बजारमा हिमस्रोत घट्दै जाँदा खानेपानीको चरम समस्या देखिएको खानेपानी उपभोक्ता संस्थाका अध्यक्ष दीपक शेरचनले बताए । जोमसोममा विगतको तुलनामा घरधुरी बढ्दै गएको, व्यावसायिक क्षेत्र परेको र सरकारी कार्यालयसमेत रहेकाले यहाँ पानी उपयोग अत्यधिक हुने भए पनि पछिल्लो समय मुहान सुक्दै जाँदा आवश्यकताअनुसार खानेपानी पुऱ्याउन नसक्ने अवस्था रहेको अध्यक्ष शेरचनले सुनाए ।

खानेपानीको हकमा मुस्ताङ बजारका उपभोक्ताको माग धान्न मुश्किल परेकाले वैकल्पिक उपाय अवलम्बन गर्नुपर्नेमा उनले जोड दिए । जोमसोम बजारमा खानेपानी आपूर्तिका लागि तीनओटा हिमस्रोत रहे पनि पछिल्लो समय तिनीहरू सुक्दै जान थालेको अध्यक्ष शेरचनले बताए । जोमसोम बजारका लागि खानेपानी आपूर्ति गर्न कुङ्ले लेक तथा ठिनी १ र २ को मुहान सुरक्षित रहे पनि हिमस्रोत सुक्दै जाँदा खानेपानीको अभाव भएको छ ।

बाँकी पृष्ठ १ बाट ...

**लघुवित्तमा दोहोरो ...**

'लघुवित्त संस्थाहरूमा दोहोरो कर्जा समस्या अझै हट्न सकेको छैन,' विभागका एक अधिकारीले भने, 'कर्जाको सीमा घटाउन पनि संस्थाहरूले आलटाल गरेको भेटिएकाले कर्मचारीलाई जिम्मेवार बनाउन निर्देशन दिएका हौं ।'

लघुवित्त वित्तीय संस्थाबाट पीडित भएको भन्दै ऋणीहरू आन्दोलित भएपछि राष्ट्र बैंकले २०७९ चैतमा तत्कालीन कार्यकारी निर्देशक प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा अध्ययन समितिसमेत बनाएको थियो । उक्त समितिले एक व्यक्तिले १७ ओटासम्म लघुवित्तबाट ऋण लिएको भन्दै नियन्त्रण गर्न सुझाव दिएको थियो । प्रतिवेदनमा एउटा लघुवित्तबाट लिएको ऋण तिर्न अर्कोबाट ऋण लिने प्रवृत्ति बढेको र पछिल्लो समय ऋणको चक्र बन्द हुँदा समस्या देखिन थालेको औंल्याइएको छ ।

राष्ट्र बैंकले लघुवित्तहरूलाई कर्जा प्रवाह गर्दा ऋणबाट कट्टा गरी अनिवार्य बचत लिने कार्य अविलम्ब बन्द गर्नसमेत निर्देशन दिएको छ । वार्षिक साधारणसभामा प्रस्तुत गर्ने प्रयोजनका लागि राष्ट्र बैंकमा पेश भएका लघुवित्त वित्तीय संस्थाहरूको आव २०८०/८१ का वित्तीय विवरणहरू विश्लेषण गर्ने क्रममा एकीकृत निर्देशन, २०७९ को निर्देशनविपरीत ७४ करोड ४५ लाख रुपैयाँ अत्तिरिक्त सेवा शुल्क असुल गरेकाले उक्त रकम सम्बद्ध ऋणीको खातामा फिर्ता गर्न निर्देशन दिइएको राष्ट्र बैंकले बताएको छ । स्रोतका अनुसार लघुवित्तहरूले पुरानो कर्जालाई नवीकरण गरेको देखाएर सेवाशुल्क उठाएको पाइएपछि उक्त रकम फिर्ता गराइएको राष्ट्र बैंक स्रोतले जानकारी दिएको छ ।

## कृषि औजार कारखाना

# ३२ महीनामा १६ थरी कृषि औजार विकास

वीरगञ्ज (पर्सा) । राष्ट्रिय आविष्कार केन्द्रले वीरगञ्जको कृषि औजार कारखाना सञ्चालन र व्यवस्थापनको जिम्मेवारी लिएको ३२ महीनामा १६ थरी कृषि औजार अनुसन्धान तथा विकास गरेको छ ।

कृषि औजार कारखाना वीरगञ्जका प्रमुख तथा इन्जिनियर रितेश देवले कारखानामा अहिलेसम्म १६ थरी कृषि औजार अनुसन्धान र विकास गरेको जानकारी दिए । 'केन्द्रले नेपालमा आवश्यक पर्ने कृषि औजार अनुसन्धान तथा विकास गर्दै आइरहेको छ,' उनले भने, 'अहिलेसम्म साना-ठूला गरेर १६ थरीका औजार अनुसन्धान र विकास गरेका छौं ।'

केन्द्रले पराल काट्ने, धान काट्ने (रिपर), दाना बनाउने, धान रोप्ने सानो मेसिन, घाँस खुर्किने, डचाङ बनाउने, खाल्डो खन्ने हाते औजार, आलु रोप्ने, आलु गोड्ने, साना ट्याक्टरमा राख्ने कल्टिभेटर, हाते प्रेस मेसिन, प्लास्टिक ओछ्याउने, केराको फाइबर निकाल्ने, गोबर पेल्ने, कोदो रोप्ने मेसिन, चाँप कटर, हाते औजारमा बन्चरो, खुँडा, साना कुटो कोदाली, चाँपलगायत घरायसी काममा प्रयोग हुने औजार तयार पारिसकेको छ ।

'केन्द्रमार्फत कारखाना अहिले अनुसन्धान र विकासकै चरणमा भएकाले पनि ठूलो मात्रामा व्यावसायिक रूपमा उत्पादन हुन सकिरहेको छैन । यद्यपि सामान्य खालका औजार भने विक्री वितरण भइरहेको छ,' उनले भने, 'कोही शुभचिन्तकहरू यहाँ आएर कहिलेकहीं यहीं उत्पादन भएका कृषि औजार खरीद गरेर लैजाने गर्नुभएको छ ।'

कारखाना प्रमुख देवले केन्द्रले केही समयअघि ५० लाख रुपैयाँ खर्चेर सीएनसी मेसिन ल्याएसँगै औजार उत्पादनमा सहजीकरण र सरलता ल्याएको जानकारी दिए । 'सीएनसी मेसिनले नयाँ औजार उत्पादनभन्दा पनि कामलाई निकै सहज गराइरहेको छ । यहाँ कार्यरत इन्जिनियर तथा अन्य प्राविधिक कर्मचारीलाई काम गर्न सजिलो भएको छ ।'

अहिले कृषि औजार कारखानामा ३६ जना कार्यरत छन् । 'कृषि औजार कारखाना पनि राज्यकै हो, राज्यले नै यसको अनुसन्धान र विकासमा ध्यान दिन जरुरी छ,' उनले भने, 'देशका किसानका लागि आवश्यक पर्ने सबै खालका औजार यही कारखानाबाट बनाउन पाएको खण्डमा जनता धेरै लाभान्वित हुने थिए ।'

कारखाना प्रमुख देवले सरकारलाई कृषि औजार कारखानाका लागि आवश्यक पर्ने फलामको कच्चा पदार्थमा भन्सार छुट दिन माग गरे ।

**तत्कालीन सोभियत संघको आर्थिक र प्राविधिक सहयोगमा वीरगञ्जमा यो कारखाना स्थापना गरिएको थियो । कारखाना २०२४ साल फागुन २८ गते सञ्चालनमा आएको थियो ।**

'तयारी अवस्थाका कृषि औजारमा एक प्रतिशतमात्र भन्सार लाग्छ । तर, औजार निर्माणका लागि आवश्यक पर्ने फलामलगायत कच्चा पदार्थको आयातमा कम्तीमा २० प्रतिशत तिर्नुपर्छ,' उनले भने, 'विदेशबाट आयातित तयारी कृषि औजारसँग स्वदेशमा निर्माण गर्ने औजारलाई प्रतिस्पर्धी बनाउन गाह्रो भइरहेको छ । यसले पनि उत्पादनमा धेरै समस्या ल्याइरहेको छ ।' प्रमुख देवले कृषिका लागि आवश्यक पर्ने कच्चा फलामको आयातमा करको दर धेरै भएकाले कृषि औजार कारखानालाई आवश्यक पर्ने कच्चा पदार्थमा सहुलियत वा छुटको व्यवस्था गरिदिन आग्रह गरे । तत्कालीन सोभियत संघको आर्थिक र प्राविधिक सहयोगमा वीरगञ्जमा यो कारखाना स्थापना गरिएको थियो । कारखाना २०२४ साल फागुन २८ गते सञ्चालनमा आएको थियो । कारखानाले शुरुआती चरणमा कृषि औजार उत्पादन गरेर विदेश निर्यात समेत गरेको थियो । तर, व्यवस्थापनमा भएका कमी कमजोरीले २०५९ साल हुँदा कारखाना नै बन्द हुने अवस्थामा पुग्यो ।

कृषि तथा पशुपन्छी विकासमन्त्री रामनाथ अधिकारीले कृषि औजार कारखानालाई आवश्यक पर्ने सहयोगका लागि आफूले सहजीकरण गर्दै आएको बताए । उनले भने, 'मैले कृषिमन्त्रीको पदभार सम्हालेपछि कारखानाको स्थलगत अवलोकन एवं जानकारी लिएँ । कारखानालाई सदृढ बनाउँदै व्यावसायिक उत्पादन गर्न आवश्यक सहयोग गर्न म तयार छु ।'

**पुनर्जीवित बनाउने प्रयास जारी**

केन्द्रले दुई दशकभन्दा लामो समयदेखि बन्द रहेको उक्त कारखानालाई पुनर्जीवित बनाउने प्रयास जारी राखेको छ ।

२०७९ भदौ ३१ गतेको मन्त्रिपरिषद् बैठकले १० वर्षका लागि उक्त कारखानाको व्यवस्थापन र सञ्चालनको जिम्मा राष्ट्रिय अविष्कार केन्द्रलाई दिने निर्णय गरेसँगै यसले पुनर्जीवन पाएको हो ।

२०७९ असोज ११ गते अर्थ मन्त्रालयका तत्कालीन सहसचिव रमेश केसी र राष्ट्रिय अविष्कार केन्द्रका अध्यक्ष महावीर पुनले सम्झौतामा हस्ताक्षर गरेका थिए । तर, केन्द्रले २०७९ माघमा औपचारिक रूपमा काम थालेको हो । पुन नेतृत्वको राष्ट्रिय आविष्कार केन्द्रको काँधमा कृषि औजार कारखाना आउँदा यसको अवस्था निकै दयनीय थियो । *रासस*

**कृषि विकास बैंक लि.**
**जनशक्ति व्यवस्थापन विभाग**
**मुख्य कार्यालय, काठमाण्डौ**

**खुला तथा समावेशी लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धि सूचना**

**(सूचना प्रकाशन मिति: २०८२/०१/१४)**

यस बैंकको आ.व. २०८०/८१ को वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत कर्मचारी दरबन्दी अनुसार रिक्त हुन आएका पदहरुमा **खुला तथा समावेशी लिखित परीक्षा**द्धारा पदपूर्ति गर्नका लागि मिति २०८०/११/११ मा प्रकाशित सूचना अनुसार वि.नं. २१/२०८०-८१ र वि.नं. २२/२०८०-८१ को लागि लोक सेवा आयोगबाट संचालित लिखित परीक्षामा सम्मिलित उम्मेदवारहरुमध्ये उत्तिर्ण भई अन्तर्वार्ताको लागि छनौट भएको व्यहोरा लोक सेवा आयोगवाट पत्र मार्फत लेखि आएको ले अन्तर्वार्ता कार्यक्रम सहितको सूचना बैंकको Website (www.adbl.gov.np) मा मिति २०८२/०१/१४ गते आईतवार प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**
**कृषि विकास बैंक लि.**

Muktinath Mutual Fund

**मुक्तिनाथ म्युचुअल फण्ड**
**अन्तर्गत सञ्चालित**
**मुक्तिनाथ म्युचुअल फण्ड १ (MNMF1)**

धितोपत्र सम्बन्धि ऐन, २०६३ तथा सामूहिक लगानी कोष नियमावली, २०६७ बमोजिम
(नेपाल धितोपत्र बोर्डबाट २०८१/०७/०७ मा योजना संचालन अनुमति प्राप्त)
२०८१/०९/०४ देखि २०९१/०९/०३ सम्म अवधि भएको १० बर्षे योजना

**२०८१ चैत्र मसान्तको अपरिष्कृत वित्तीय विवरण**

**खुद सम्पत्ति मूल्य सम्बन्धी विवरण**

| क्र.सं. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.) | गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.) |
|---|---|---|---|
| **क. धितोपत्रमा तथा अन्य लगानी** | | | |
| | **सूचीकृत धितोपत्रमा लगानी** | | |
| १ | शेयर | ९०४,३६०,४५२.७० | ८८३,१६८,५५७.५० |
| २ | ऋणपत्र/बन्ड | १,२७६,५४३.५० | १,२३४,०३६.५० |
| | **सूचीकृत नभएको धितोपत्रमा लगानी** | | |
| १ | शेयर | २३,०२०,७१०.६४ | १९,९६७,३५३.२० |
| २ | बैंक मुद्दती निक्षेप | ६०,०००,०००.०० | – |
| ३ | ऋणपत्र/बन्ड | ७,४२५,०००.०० | – |
| | **जम्मा (क)** | **९९६,०८२,७०६.८४** | **९०४,३६९,९४७.२०** |
| **ख. चालु सम्पत्ति** | | | |
| १ | बैंक मौज्दात | २४६,०६३,९८२.०५ | ३४२,३२२,५१३.९८ |
| २ | अन्य सम्पत्ति | १८,१७६,०९८.६७ | ३४,५९५,५७७.०३ |
| | **जम्मा (ख)** | **२६४,२४०,०८०.७२** | **३७६,९१८,०९१.०१** |
| **ग. चालु दायित्व** | | | |
| १ | अन्य दायित्व | १,३४०,५६२.८५ | १५,२६६,७४६.९० |
| २ | भुक्तानी दिनुपर्ने शुल्क | ५,४८५,१९५.४६ | १,८३२,७१०.०२ |
| | **जम्मा (ग)** | **६,८२५,७५८.३१** | **१७,०९९,४५६.९२** |
| | **कूल सम्पत्ति (क+ख-ग)** | **१,२५३,४९७,०२९.२५** | **१,२६४,१८८,५८१.२९** |
| १ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | – | १,७०७,५२०.४७ |
| २ | कोष सुपरिवेक्षक शुल्क | – | ७५,३३१.७९ |
| **खुद सम्पत्ति** | | **१,२५३,४९७,०२९.२५** | **१,२६२,४०५,७२९.०३** |
| **जम्मा इकाई** | | **१२५,000,000.00** | **१२५,000,000.00** |
| **प्रति इकाई खुद सम्पत्ति मूल्य** | | **१0.0३** | **१0.१0** |

**२०८१ चैत्र मसान्तको आय व्यय विवरण**

| क्र.सं. | विवरण | यस मासिक मसान्त सम्पत्ति मूल्य (रु.) | गत मासिक मसान्त सम्पत्ति मूल्य (रु.) |
|---|---|---|---|
| **क. आय** | | | |
| १ | प्राप्त भइसकेको आम्दानी | १५,८०६,७३९.४५ | ७,७६९,३३७.३९ |
| २ | प्राप्त भइनसकेको आम्दानी | (१०७,३४५.४१) | १४,९४१,२२३.२५ |
| **जम्मा आम्दानी** | | **१५,६९९,३९४.०४** | **२२,७१०,५६०.६४** |
| **ख. व्यय** | | | |
| १ | पूर्व संचालन खर्च | ४,९८१,४९७.०६ | ४,९८१,१०७.०६ |
| २ | सूचना तथा प्रकाशन खर्च | १०१,८४०.०० | ७४,७२०.०० |
| ३ | योजना व्यवस्थापक तथा डिपोजिटरी शुल्क | ६,७५८,०४४.०३ | ४,९६७,४०९.४३ |
| ४ | कोष सुपरिवेक्षक शुल्क | २९८,१४९.०० | २१९,१५०.४२ |
| ५ | बैंक शुल्क | २,०३४.७० | १,६४४.७० |
| ६ | डिम्याट तथा मेरो शेयर | १००.०० | १००.०० |
| ७ | नेप्से वार्षिक शुल्क | ५०,०००.०० | ५०,०००.०० |
| ८ | दर्ता शुल्क (योग्य संस्थागत लगानीकर्ता) | १०,०००.०० | १०,०००.०० |
| ९ | दरखास्त फारम खर्च | ७००.०० | ७००.०० |
| | **जम्मा खर्च** | **१२,२०२,३६४.७९** | **१०,३०४,८३१.६१** |
| | **कुल आय/(व्यय)** | **३,४९७,०२९.२५** | **१२,४०५,७२९.०३** |

*नोट:* १. सूचीकृत तथा सूचीकृत नभएको शेयर तथा डिबेन्चर गरी योजनाले २०८१ चैत्र मसान्तसम्म गरेको लगानीको परल मूल्य (धितोपत्र दलाल कमिशन, कारोबार शुल्क समेत) रु.९३,६३,४३,७२५.७६ रहेको छ।
२. सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ का अधिनमा रही योजना व्यवस्थापकले अवलम्वन गरेको मुल्यांकन नीति बमोजिम योजनाको लगानी मुल्यांकन गरिएको छ।
३.योजनाको प्रति इकाई खुद सम्पत्ति मूल्य साप्ताहिक रुपमा योजना व्यवस्थापकको वेबसाइट www.muktinathcapital.com मार्फत सार्वजनिक गरिएको छ।
४.अपरिष्कृत वित्तीय विवरणमा पेश भएका विवरण नियमन निकायले निर्देशन गरेको खण्डमा निर्देशन गरिए बमोजिम परिवर्तन हुन सक्नेछ।

**सूचिकृत धितोपत्रमा भएको लगानी विवरण**

| क्र.सं. | धितोपत्र | संख्या | जम्मा मूल्य (रु) |
|---|---|---|---|
| **क) वाणिज्य बैंक समूह** | | | |
| १ | कृषि विकास बैंक लिमिटेड | ३१,०५८ | ८,९५०,२९४।४४ |
| २ | एभरेष्ट बैंक लिमिटेड | १९,६१७ | ११,८८९,८६३।७० |
| ३ | ग्लोबल आइएमई बैंक लिमिटेड | २३,००० | ५,०२९,८७०।०० |
| ४ | कुमारी बैंक लिमिटेड | २३,००० | ४,७३८,६९०।०० |
| ५ | माछापुच्छ्रे बैंक लिमिटेड | २९,५०० | ६,६६३,७५५।०० |
| ६ | नबिल बैंक लिमिटेड | २४,३७७ | ११,८७०,८६७।६९ |
| ७ | नेपाल बैंक लिमिटेड | ३५,००० | ८,७८५,०००।०० |
| ८ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड | २५,२०५ | ५,३३१,१०९।५५ |
| ९ | एनएमबि बैंक लिमिटेड | २९,००० | ७,२८२,७७०।०० |
| १० | प्राइम कमर्सियल बैंक लिमिटेड | २५,९२७ | ६,४८२,००९।२७ |
| ११ | सानिमा बैंक लिमिटेड | २४,२४३ | ७,२९४,७१८।७० |
| १२ | स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड | ९,८६३ | ६,२०८,३६३।९८ |
| | **जम्मा** | **२९९,७९0** | **९0,५२७,३१२।३३** |
| **ख) विकास बैंक समूह** | | | |
| १ | गरिमा विकास बैंक लिमिटेड | २१,५४४ | ८,५२८,४०७।८४ |
| २ | ज्योति विकास बैंक लिमिटेड | २३,०२२ | ७,६७८,०६७।२२ |
| ३ | कामना सेवा विकास बैंक लिमिटेड | २१,५०० | ९,४०१,३०५।०० |
| ४ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ५,७२४ | ३,४८५,१७१।८८ |
| ५ | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लिमिटेड | २२,००० | ८,९४५,४२०।०० |
| | **जम्मा** | **९३,७९0** | **३८,0३८,३७१।९४** |
| **ग) जलविद्युत समूह** | | | |
| १ | अरूण भ्याली हाईड्रोपावर डेभलपमेण्ट कम्पनी लिमिटेड | २५,२०० | ६,२९३,४४८।०० |
| २ | अरूण काबेली पावर लिमिटेड | ३२,२६० | ७,३१०,४३८।६० |
| ३ | अपि पावर कम्पनी लिमिटेड | ३३,१४२ | ९,०५०,७४८।७८ |
| ४ | बलेफी हाइड्रोपावर लिमिटेड | १५,००० | ३,८२८,०००।०० |
| ५ | चिलिमे जलविद्युत कम्पनी लिमिटेड | ३५,७०० | १६,९६०,३५६।०० |
| ६ | हिमालयन पावर पार्टनर लिमिटेड | २,२८९ | १,३७९,२८२।७३ |
| ७ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | २३,३५२ | १३,६३०,०९५।३६ |
| ८ | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ३८,३४७ | १४,५५९,५८८।९६ |
| ९ | साहस उर्जा लिमिटेड | २८,००० | १४,०३६,४००।०० |
| १० | सानिमा माई हाइड्रोपावर लिमिटेड | ३३,५१४ | १५,९१६,१३३।७४ |
| ११ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | २०,७०० | १०,८६२,३२५।०० |
| १२ | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | १०,००० | १,९७१,१००।०० |
| | **जम्मा** | **२९७,५0४** | **११५,७९७,९१७।१७** |
| **घ) फाइनान्स समूह** | | | |
| १ | आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड | १२,०६२ | ७,१६८,९२९।०८ |
| २ | मञ्जुश्री फाईनान्स लिमिटेड | १२,०९० | ७,२४६,३८३।३० |
| | **जम्मा** | **२४,१५२** | **१४,४१५,३१२।३८** |
| **ङ) जीवन विमा समूह** | | | |
| १ | एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ३०,००० | २२,२३०,०००।०० |
| २ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २५,०५६ | १२,४६४,३५७।७६ |
| ३ | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ७,०३१ | २,५७२,६४२।९० |
| ४ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड | ७,५०० | १८,५७५,६२५।०० |
| ५ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ३३,०४१ | १३,९९९,८०२।११ |
| ६ | आई. एम. ई. लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २३,६५९ | १०,९३९,९२१।६० |
| ७ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड | २९,००० | २८,२२३,३८०।०० |
| ८ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १४,७४२ | ११,२९८,४१६।२२ |
| ९ | नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | ११,३२० | ७,०७२,५०९।६० |
| १० | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | १७,००० | ९,०७३,७५०।०० |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २१,०६६ | ९,२६५,०३७।४६ |
| १२ | सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | १२,०२० | ७,६९८,५६९।६० |
| १३ | सानिमा रिलायन्स लाईफ इन्स्योरेन्स लिमिटेड | १८,०५० | ७,४५८,०७९।५० |
| | **जम्मा** | **२४९,४८५** | **१६0,८७२,0९१।७५** |
| **च) उत्पादन तथा प्रशोधन समूह** | | | |
| १ | हिमालयन डिष्टिलरी लिमिटेड | १०,००० | ११,९५४,८००।०० |
| २ | शिवम् सिमेन्ट्स लिमिटेड | २१,७९४ | ११,३५९,२५०।७४ |
| | **जम्मा** | **३१,७९४** | **२३,३१४,0५0।७४** |
| **छ) लघुवित्त समूह** | | | |
| १ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | १८,१७४ | १५,३४६,८५२।५६ |
| २ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १२,८५५ | ९,९७७,४०८।२५ |
| ३ | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ११,२२८ | ९,१८१,४७२।४४ |
| ४ | एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | १०,००० | ६,३६०,३००।०० |
| ५ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १२,५४५ | १५,४५७,८२३।५५ |
| ६ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०,५४० | १३,७७२,८९१।६० |
| ७ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १९,१२५ | १५,२९२,७३२।५० |
| ८ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | २१,०१९ | १७,४८७,८०८।०० |
| | **जम्मा** | **१२५,४८६** | **१0२,८७७,२८८।९0** |
| **ज) निर्जीवन विमा समूह** | | | |
| १ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड | २८,५६९ | १६,८८९,४२१।४२ |
| २ | नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड | २०,११५ | १६,१२०,७६४।४५ |
| ३ | नेको इन्सुरेन्स लिमिटेड | २३,१४९ | १७,३७९,३४३।२४ |
| ४ | एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड | ४०,००० | ३५,३९०,०००।०० |
| ५ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड | ७,०३१ | ३,११०,५१४।४० |
| ६ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | २५,०२८ | १७,९३५,३१५।०८ |
| ७ | सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड | २०,००० | ११,६९०,२००।०० |
| ८ | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | १८,००० | १३,७२२,८४०।०० |
| ९ | सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | २३,५४६ | १९,७२१,६५८।६८ |
| | **जम्मा** | **२0५,४३८** | **१५१,९६0,0५७।२७** |
| **झ) अन्य समूह** | | | |
| १ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | १६,००० | १६,१८२,५६०।०० |
| २ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ७,५०० | ९,७८४,५००।०० |
| ३ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | २०,४३७ | १८,३९०,०३०।०८ |
| | **जम्मा** | **४३,९३७** | **४४,३५७,0९0।0८** |
| **ञ) लगानी समूह** | | | |
| १ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | १४,३०० | ३६,५४३,०७८।०० |
| २ | नागरिक लगानी कोष | २७,९०५ | ५४,२५१,२२६।७० |
| ३ | हाइड्रोईलेक्ट्रीसिटी इनभेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लि. | २८,०९१ | ८,०९५,२६४।३८ |
| ४ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | ३८,५०० | १०,६४५,६३५।०० |
| ५ | एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १६,००० | २८,२१५,५२०।०० |
| | **जम्मा** | **१२४,७९६** | **१३७,७५0,७२४।0८** |
| **ट) सामूहिक लगानी कोष समूह** | | | |
| १ | गरिमा समृद्धि योजना | २५०,४०० | २,२५१,०९६।०० |
| | **जम्मा** | **२५0,४00** | **२,२५१,0९६।00** |
| **ठ) होटल्स् तथा पयर्टन समूह** | | | |
| १ | ओरियण्टल होटल्स् लिमिटेड | ११,००० | ९,६३८,६४०।०० |
| २ | सोल्टी होटेल लिमिटेड | २५,५०२ | १२,५६०,५००।०६ |
| | **जम्मा** | **३६,५0२** | **२२,१९९,१४0।0६** |
| | **कुल** | **१,७८३,0७४** | **९0४,३६0,४५२।७0** |

**कोष प्रवर्द्धक:**
मुक्तिनाथ विकास बैंक
MUKTINATH BIKAS BANK
लाजिम्पाट, काठमाडौं, नेपाल ।
फोन नं.: ०१ ५९७०८८७, टोल फ्रि नं.: १६६००१४९९९९
इमेल: info@muktinathbank.com.np
वेभसाइट: www.muktinathbank.com.np

**योजना व्यवस्थापक/डिपोजिटरी:**
मुक्तिनाथ क्यापिटल लि.
MUKTINATH CAPITAL LTD.
A Subsidiary of Muktinath Bikas Bank Ltd.
प्रधान कार्यालय, नारायणचौर, नक्साल, काठमाण्डौ
फोन नं. ४५४६१०८/०९/४५४६४७०
इमेल: info@muktinathcapital.com
वेभसाइट: www.muktinathcapital.com

**नबिल बैंक लिमिटेड, टिकापुर शाखा, कैलाली धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मिति: २०८२/०१/१५)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०४/११ को कारोबार दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखिशर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **टिकापुर शाखा, कैलाली** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ । यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ । प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ ।

**तपसिल**

१ **ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८-१०-२३ मा दर्ता नं. २८३१३९/०७८/०७९ अन्तर्गत दर्ता भएको **सत्ति कर्णाली पोलिक्लिनीक प्रा. लि. ।**
ठेगाना: कैलाली जिल्ला टिकापुर न.पा. वडा नं. ०७, सत्ति,सुर्यपुर , कैलाली ।

**ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताको विवरण**

१. डिल्ली प्रसाद घिमिरेको नाति, नारायण प्रसाद घिमिरेको छोरा, तनहुँ जिल्ला राइपुर, गा.पा. वडा नं. ०८ बस्ने, ना.प्र.नं. १४७४८ (जारी मिति: २०५२/०६/२९, स्थान तनहुँ) भएको **वाल कृष्ण घिमिरे ।**
२. दडी सिहं कडायतको नाति, रंग सिहं कडमयतको छोरा, कैलाली जिल्ला टिकापुर, न..पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १०२११ (जारी मिति: २०३६/१२/१३, स्थान कैलाली) भएको **वल बहादुर कडायत ।**
३. नर बहादुर रावलको नाति, नरेन्द्र बहादुर रावलको छोरा, कैलाली जिल्ला नाराणपुर गा.वि.स. वडा नं. ०८ स्थायी घर भइ हाल, कैलाली जिल्ला टिकापुर, न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १८४७२ (जारी मिति: २०५४/०९/१६, स्थान कैलाली) भएको **सुरेश बहादुर रावल ।**
४. रंग सिंह कडायतको नाति, वल बहादुर कडमयतको छोरा, , कैलाली जिल्ला टिकापुर, न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३८९८ (जारी मिति: २०५९/०३/१२, स्थान कैलाली) भएको **डम्वर बहादुर कडायत ।**

२ **ऋणी फर्म र फर्मको प्रोपाईटरको नाम र ठेगानाको विवरण**

प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य मन्त्रालय वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयमा मिति २०७८/१२/१० मा प्रा.फ.र.नं. ३३०५५/०७८/७९ स्थानीय व्यापार अन्तर्गत दर्ता भएको **तृषा फार्मेसी ।**
ठेगाना: कैलाली जिल्ला टिकापुर न.पा वडा नं. ०७, कैलाली ।
**ऋणी फर्मका प्रोपाईटरको नाम र ठेगानाको विवरण:**
रंग सिंह कडायतको नाति, वल बहादुर कडमयतको छोरा, कैलाली जिल्ला टिकापुर, न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३८९८ (जारी मिति: २०५९/०३/१२, स्थान कैलाली) भएको **डम्वर बहादुर कडायत ।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

१. दडी सिं कडायतको नाति, रंग सिंह कडमयतको छोरा, कैलाली जिल्ला टिकापुर, न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १०२११ (जारी मिति: २०३६/१२/१३, स्थान कैलाली) भएको **वल बहादुर कडायत ।**
२. धनपति बोहराकी नातीनी, लाल बहादुर बोहराकी छोरी, बाँके जिल्ला नेपालगंज, उ.म.न.पा. वडा नं १ बस्ने, ना.प्र.नं. ६६१०१९/१८९९ (जारी मिति २०६६/०७/०८, स्थान बाँके) भएकी **मिना बोहरा ।**
३. रंग सिंह कडायतको नाति, वल बहादुर कडायतको छोरा, कैलाली जिल्ला टिकापुर, न.पा. वडा नं. ०९ बस्ने, ना.प्र.नं. ६७२०४०/६७९४ (जारी मिति: २०६५/०७/१०, स्थान कैलाली) भएको **रनिश कडायत ।**

**संयुक्त धितोमा रहेको घर/जग्गाको विवरण**

**डम्वर बहादुर कडायत**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेका कैलाली जिल्ला टिकापुर न.पा वडा नं. ०९ नक्सा सिट नं ९ज मा अवस्थित कित्ता नं ३१९९ को क्षेत्रफल क्रमश ७१७.४२ वर्गमिटरका जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **टिकापुर शाखा, कैलालीमा** कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/०१/३० गते ५:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **टिकापुर शाखा, कैलाली**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०१/३१ गते ३:०० बजे बैंकको **टिकापुर शाखा, कैलाली** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने र कम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **टिकापुर शाखा, कैलाली** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

### आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय, तिलोत्तमा, रूपन्देही | वैशाख १९ | ११:०० | ५ | ०.२६३२ | सञ्चालकको मनोनयन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख ११ |
| २ | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लि. | २०८०/८१ | रानीमहल ब्याङ्क्वेट, ज्ञानेश्वर, काठमाडौं | वैशाख २८ | १०:०० | | १५ | वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख १७ |
| ३ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाडौं | वैशाख २९ | ११:३० | १३.५ | ०.७१०५२६३१७ | वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख ११ |
| ४ | सेन्ट्रल फाइनान्स लिमिटेड | २०८०/८१ | कम्पनीको केन्द्रीय कार्यालय भवन, कुपण्डोल, ललितपुर | जेठ ४ | १०:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख २२ |
| ५ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सारथी, धुलिखेल, काभ्रेपलाञ्चोक | जेठ ५ | ११:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख २१ |
| ६ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | २०८०/८१ | अमृतभोग क्याटर, कालिकास्थान, काठमाडौं | जेठ ८ | २:०० | | | सञ्चालकको नियुक्ति/निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | वैशाख २८ |

# सेन्ट्रल फाइनान्सले बोलायो साधारणसभा

काठमाडौं (अस) । सेन्ट्रल फाइनान्स लिमिटेडले जेठ ४ गते २८औं वार्षिक साधारणसभा बोलाएको छ ।

वैशाख १२ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले ललितपुरको कुपण्डोलस्थित कम्पनीको केन्द्रीय कार्यालयमा बिहान १० बजे सभा गर्ने निर्णय गरेको हो । सभाले गत आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सहितका वित्तीय विवरणहरू पारित गर्नुका साथै चालू आर्थिक वर्षको लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारणको विषय टुंग्याउनेछ ।

साधारणसभा प्रयोजनका लागि कम्पनीले वैशाख २२ गते एक दिन बुक क्लोज गर्न लागेको छ । बुक क्लोजको आधारमा वैशाख २१ गतेसम्म कायम शेयरधनीहरूले मात्र सभामा भाग लिन सक्नेछन् ।

### नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका 'अन्य' समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | कान्तिपुर टेलिभिजन नेटवर्क लिमिटेड | ७५०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २८ |
| २ | डिस मिडिया नेटवर्क लिमिटेड | १३,५८४,९५५ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार १२ |
| ३ | आइएमई लिमिटेड | १,०००,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असार २९ |
| ४ | हस्पिटल फर एडभान्स्ड मेडिसिन एण्ड सर्जरी लि. | १,१२५,००० | २८८ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० पुस ६ |
| ५ | नेपाल ब्रोडकास्टीङ्ग च्यानल लिमिटेड | १,०००,००० | ५० | एनआइएमबि एस क्यापिटल लि. | २०८१ जेठ २१ |
| ६ | कैलाश हेलिकप्टर सर्भिसेस लिमिटेड | ३५०,००० | ३२७ | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ जेठ २९ |
| ७ | झापा इनर्जी लिमिटेड | ९५०,४७५ | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८१ जेठ ३० |
| ८ | छाया देबी कम्प्लेक्स लिमिटेड | १,४३७,५०० | ४०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ भदौ २ |
| ९ | बिजनेस ईन्टरेष्ट ग्रुप अफ इण्डष्ट्रिज | ४,५००,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार २ |
| १० | जि. आई. सोलार लिमिटेड | १,३६३,३६० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ पुस २८ |
| ११ | प्रभु हेलिकप्टर लिमिटेड | ६,१२५,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ चैत २० |


# कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा राखिने बारे कृषि विकास बैंक लि.को ३५ दिने सूचना

**(प्रकाशित मिति : २०८२/०१/१५ गते)**

